# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## डिलासैनी गाउँपालिका

### बैतडी





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## डिलासैनी गाउँपालिका

## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## डिलासैनी गाउँपालिका

बैतडी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
डिलासैनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले **डिलासैनी गाउँपालिका**को आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ९ करोड २९ लाख ४० हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३० लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ८० लाख २७ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ५२ लाख ५८ हजार र पेश्की रू. ६६ लाख ४५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २२ करोड ६६ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३१ करोड ९३ लाख ३५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

डिलासैनी गाउँपालिका, बैतडी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७८ | १४१ | ९२९४० | ० | ० | ० | ७८ | १४१ | ९२९४० | ३०१० | ३५२५८ | ४८०२७ | ० | ० | ८३२८५ | ६६४५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डिलासैनी गाउँपालिका बैतडी | २२६६६० | ० | २६५ | २२६३९५ | ० | ९२९४० | ३१९३३५ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : डिलासैनी गाउँपालिका, बैतडी , दिलासैनी गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Singh Bohara | २०७८-१-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Narad Singh Bist | २०७७-१-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९२,९४०,३४१.७२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५२,४९,३०४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,५८,२७,५२६.०१ | **चालु खर्च** | २९,०५,९४,२१५.३९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७८,१९,००० | **पूँजीगत खर्च** | १५,१३,५४,८३५.९३ |
| **राजश्व बाँडफाँट** | ७,६४,९१,३१०.२४ | **वित्तीय/अन्य व्यवस्था** | १४,५३,३९,४०४ |
| **आन्तरिक आय** | १९,५२,३०५.२३ | | |
| **अन्य आय** | १२,२९,९०,२९४ | | |
| **कुल आय** | ६१,५०,८०,४३५.४८ | **कुल खर्च** | ५८,७२,८८,४५५.३२ |
| **बाँकी मौज्दात** | | ३,३०,४१,२८४.१६ | |

| **क्रम** | **भौचर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|

| | नम्बर | | | |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, १२५.२८ वर्गकिलोमिटर क्षेत्रफल तथा २२९२४ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षण गरी व्यवस्थापनसँग मिति २०७९।५।१८ मा छलफल सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् । | |
| ३ | | | **बित्तिय बिवरण परीक्षण** | |
| ३.१ | | | **स्था**नीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको श्रेस्ताको मौज्दात भन्दा बैक मौज्दात रु ३७,९२,७५४।६३ बढी देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भएता पनि आर्थिक बिवरणले सम्पुर्ण कारोवार एकिकृत रूपमा प्रस्तुत गर्दैन।कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा रू | |

<table>
<tr><td></td><td></td><td></td><td>६२,०३,२९,७३९।४८को आर्थिक बिवरण पेश गरेकोमा सामाजिक्षाको रू ९,९३,४४,१३६।०० र एकिकृत स्वास्थ्य पूर्वाधारको रू २,१६,६७,०००।०० समेत गरी रू १२,१०,११,१३६।०० म.ले.प. फा. न.२७२ भन्दा बाहिर रहेको देखिन्छ ।<br>त्यसैले तोकेबमोजिमको वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १,६५,११,६२७।२० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ५२,४९,३०४।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १,१२,६२,३२३।२० घटी जिम्मेवारी सारेको सम्बन्धमा छानविन गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३.२.१</td><td>जिम्मेवारी कम सारेको</td><td>१,१२,६२,३२३.२</td></tr>
</table></td><td>११,२६२,३२३.२</td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ताको साटन बाकी बिवरण बैक बाकी मौज्दात भिडान गर्दा रू ३७,९२,७५४।६३ बैकमा बढी रहेको देखिएकोले फरक पर्न गएको बैंक हिसाब मिलान गरी एकिन गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>आन्तरीक राजस्व खाता</td><td>०</td><td>१५६९३३९।२३</td><td></td></tr>
<tr><td>२</td><td>बाडफाटबाट प्राप्त राजस्व</td><td>०</td><td>३२७७०८८।६३</td><td></td></tr>
<tr><td>३</td><td>आन्तरीक अनुदान</td><td>०</td><td>१७५५५</td><td></td></tr>
<tr><td>४</td><td>चालु खर्च खाता जोर बर्ष</td><td>०</td><td>२१७८८७३।५५</td><td></td></tr>
<tr><td>५</td><td>पुजिगत खर्च खाता जोर बर्ष</td><td>०</td><td>१९३७९१५७।१५</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>स्थानीय प्रकोप व्यवस्थापन कोष</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>७</td><td>बिबिध खर्च खाता</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>८</td><td>स्थानिय संचित कोष</td><td>३२६१४९४८।१२</td><td>१०४९०६४७।२४</td><td></td></tr>
<tr><td>९</td><td>धरौटी खाता</td><td>५०४९५८</td><td>५०४९५८</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३,३१,,१९,९०६।१२</td><td>३,६९,१२,६६०।७५</td><td>३७,९२,७५४।६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको : आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व कार्यबिधि ऐन २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिब बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू २३,५१,९६१।५२ संघिय संचित कोष दाखिला गरेको देखिएन । अतः कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखएको रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३.४.१</td><td>कट्टी रकम दाखिला नभएको</td><td>२३,५१,९६१.५२</td></tr>
</table>
</td><td>२,३५१,९६१.५२</td></tr>
<tr><td>३.५</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नु पर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालुतर्फ कुल १२७ कार्यक्रममा २० वटाको शुन्य प्रगति देखिन्छ र पुजिगततर्फ ६० कार्यक्रम मध्ये ७ वटा कार्यक्रममा शुन्य प्रगति खेखिन्छ। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन,<br>•. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन,<br>•. सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,<br>•अधुरा आयाोजनाहरूको समिक्षा गरेको प्रमाण देखिएन,<br>•. बैक हिसाव मिलान गरेको देखिएन,<br>•. कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>· • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>· • मुल्य अभिवृद्धि कर नियमावली २०५३को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको,<br>· • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>· • सुत्रको अनुसुची १, २, ३, ४,५,६, र ७ बमोजिम बजेटको आय र ब्ययको बिवरण गाउसभाबाट पारित गरेको देखिन्छ,<br>· • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन,<br>·• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३५ दरबन्दी ७ दरबन्नदी रिक्त रहेको पाईयो,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले उपर्युक्तानुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | **बेरुजु लगतः** यस कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अतः कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ४.३ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको व्यहोरा निम्न रहेको छ ।<br>१.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन,<br>२. सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन ,<br>३ . कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृत आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको ।<br>समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण गाउपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |

<table>
<tr><td>४.४</td><td></td><td></td><td>म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति:सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन् ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूपमा मात्र राखेको देखिन्छ ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन ।</td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>भ्रमण अभिलेख:भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राखु पर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अतः कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।<br><br>• म. ले. प. फाराम बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नु पर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३८८६०३११</td><td>३४७६०३०५।६६</td><td>७.८६</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२६९०००६२</td><td>८१८८७३८४।०१</td><td>१८.५२</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१००९६९७७</td><td>२४९८८५४६६।९८</td><td>५६.५४</td></tr>
<tr><td>संस्थागत बिकास सेवा प्रवाह र सुशासन</td><td>१७५८९०००</td><td>१५३५२४५३।८२</td><td>३.४७</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>७०९९२०००</td><td>६००६३४४०।५८</td><td>१३.५९</td></tr>
<tr><td>जम्मा</td><td>४९६६००३२०</td><td>४४१९४९०५१।०५</td><td>९९.९८</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा बढी ५६.५४ प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ३.४७ प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

५.२ **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली२०७७को को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | पूँजीगत खर्च | १५१३५४ | ६८२० | ४४३६३ | १००१७० | ९१२४१ |
| | कूल खर्चः | १५१३५४ | ६८२० | ४४३६३ | १००१७० | ९१२४१ |
| | खर्च प्रतिशत | १०० | ४.५ | २९.३१ | ६६.१८ | ६०.२० |

बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ६६.१८ रआषाढ महिनाको ६०.२० प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

५.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पार्वती कुमारी राना भण्डारीले २०७७।३।१० गते रु ४७. करोड ६४ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।।८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५.४ **योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको

<table>
<tr><td></td><td></td><td></td><td>व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष छनौट भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><td>क्र. सं.</td><td>विवरण</td><td>योजना संख्या</td></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>१</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>३</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>२२</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>९</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>१९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>खर्च बिश्लेषण–पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १९५२३०५।२३ राजस्व बाँडफाँड र अनुदानबाट रु ४९४०२७६३०।२४ समेत रु ४९५९७९९३५।४७ आम्दानी भएकोमा चालु तर्फ रु २९०५५४२१५।१२ र पूँजिगत तर्फ रु १५१३५४८३५।९३ समेत रु ४४१९४९०५१।०५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ५३७००००।०० खर्च भएको छ जुन आन्तरिक आय २७५।०५ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.५८ प्रतिशत चालु र ३६.५१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>राजश्वको अभिलेखः<br>आर्थिक कार्यविधि ऐन,२०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।कार्यालयले राजस्व असुली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ ।गाँउपालिकाले लेखापरीक्षणको क्रममा राजश्व नगदी रसिद र रसिद नियन्त्रण खाता पेश नगर्दा ७ वटा वडालाई के कति रसिद सिरियल नम्बर सहित वितरण गरेको र सो नगदि रसिदबाट के कति राजश्व समयमै प्राप्त भए नभएको,वितरण भएका रसिदहरु आर्थिक वर्षको समाप्तिसंगै फिर्ता भए नभएको एकिन गर्न सकिएन।पालिकाले यस वर्ष आन्तरिक आय बापत रु.१९५२३०५.२३ प्राप्त भएकोमा राजश्व प्राप्त गर्दा राख्नुपर्ने म.ले.प.फा.नं. पनि राखेको छैन ।प्राप्त हुनुपर्ने राजश्व र प्राप्त भएको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | राजश्व सम्बन्धमा कार्यालयले भिडान गरेको पनि छैन ।उक्त अभिलेख व्यवस्थित नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुन सकिएन । | |
| ७ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत,१५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।यस वर्ष कार्यालयलाई आन्तरिक आय बापत रु.१९५२३०५.२३ प्राप्त भएको विवरण पेश भएको छ ।पालिका अन्तर्गत ७ वटा वडाबाट गाउँपालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छ छैन एकिन हुन सकिएन ।यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ८ | | | **सम्पत्तिको संरक्षण र उपयोग** | |
| ८.१ | | | **जिन्सी व्यवस्थापनः** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४६, ४७ र ४८ बमोजिम जिन्सीको लगत राख्ने र नियम ५० बमोजिम कार्यालय प्रमुखले वर्षको कम्तिमा एक पटक जिन्सी निरीक्षण गर्नुपर्ने तथा नियम ५० (३) बमोजिम जिन्सी निरीक्षण प्राप्त भएपछि कार्यालय प्रमुखले एकप्रति जिन्सी निरीक्षण तालुक कार्यालयमा पठाई ६ महिनाभित्र लिलाम बिक्री र ३ महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका स्टील दराज, सोलार प्यानल, इन्भर्टर समेतका ४८ किसिमका २२९ वटा सामाग्रीहरु रहेका छन् । जसमध्ये मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने २० किसिमका ७४ वटा सामाग्री, लिलाम बिक्री गर्नुपर्ने २ किसिमका २ वटा सामाग्री तथा धुल्याउनु पर्ने २६ किसिमका १५३ वटा सामाग्रीहरु रहेका छन् । प्रतिवेदनमा उल्लिखित सिफारिस बमोजिम कानूनी प्रकृया अपनाई मालसामान तथा सामाग्रीहरुको मर्मत, लिलाम तथा धुल्याएको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत, लिलाम तथा धुल्याई पाम्समा पूर्ण रुपमा इन्ट्री गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । | |
| ८.२ | | | **सम्पत्तिको लगतः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ को निर्णय अनुसार आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । | |
| ८.३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको रअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनु रअभिलेख राख्नु पर्दछ । | |
| ९ | | | **प्रशासकिय संगठन तथा कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाँउपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २८ जना पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रमुख प्रशासकिय अधिकृत,ईन्जिनियर,लेखा अधिकृत,जन स्वास्थ्य अधिकृत,पशु विकास अधिकृत,कृषि विकास अधिकृत पदहरु रिक्त रहेका छन् ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १० | | | **तलबी प्रतिवेदन पारित नभएकोः**<br>कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले आ.व. २०७८/७९ को गाँउपालिका तर्फका २६ कर्मचारीहरुको रु २,९५,०६,२४९.० र २१ स्वास्थ्य कर्मचारीहरुको रु.१,२३,८५,७११ तलवी प्रतिवेदन पारित नगरि कुल रु.४,१८,९१,९६०.० खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।तलबि प्रतिवेदन समयमै पारित गरि तलब भुक्तानी गर्नुपर्दछ । | |
| ११ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर गाँउपालिकाले विभिन्न पदमा १२० जना कर्मचारीहरु करारमा राखि १,८९,८५,४४९/- खर्च लेखेको छ ।कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कानुन बमोजिम मात्र खर्च गर्नुपर्दछ । | |
| १२ | | | **वडा सचिवको पदपुर्तिः** | |

<table>
<tr><td></td><td></td><td></td><td>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेका वडा सचिवको दरबन्दी र पदपुर्ति अवस्था देहाय बमोजिम छ ।<br>
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपुर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>७</td><td>७</td><td>३</td><td>४</td></tr>
</table>
रिक्त पदहरुको पदपुर्ति गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>आर्थिक सहायताः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ ।पालिकाको आन्तरिक आय रु.१९५२३०५.२३ रहेकोमा गाँउपालिकाले यस वर्ष त्यस्ता सुविधा ३ जनालाई रु १०००००/- देखि रु १६००००/- सम्म कुल रु ३६००००/-प्रदान गरेको छ ।पालिकाले कार्यविधि बनाई यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>अनुदान फिर्ता<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा खर्च नभई बाँकी रहेकोमा मिति २०७९।६।५ मा संघिय संचित कोषमा रू १,९६,५०,७६९।२६ र प्रदेश संचितकोषमा रू ४५,८२,४९९।०० गरी जम्मा रू २,४२,३३,२६८।२६ फिर्ता गरेको देखिन्छ । अत गाउपालिका कार्यालयले समयमै फिर्ता गर्न बाकी रकम फिर्ता पठाउनतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्चः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष गोकुलेश्वर मेला महाशिवरात्रिको दिन २०७८ मा रु ७८०००/- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>खरिद गुरु योजना<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५,१३,५४,८३५.९३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>ठेक्का अभिलेख<br>सबै सार्वजनिक निकायले ठेक्काबाट भएको कामको म.ले.प.फा. नं. ५०६ बमोजिमको ढाँचामा ठेक्काको अभिलेख खाता र म.ले.प.फा. नं. ५०७ बमोजिम ठेक्का सम्बन्धीको गोश्वारा लगत राख्नु पर्ने व्यवस्था छ । पालिकाले सो बमोजिमको ठेक्काको विवरण राखेको पाइएन । कानून बमोजिमको व्यवस्थाको पूर्ण रुपमा पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td>२८</td><td>२०७८-११-२५</td><td>अनुदानको अनुगमन<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं. ८.३ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान बमोजिम कक्षा १० सञ्चालन भएका प्राविधिक धारका विद्यालयमा कक्षा ११ स्तरोन्नती गर्दा ल्याव निर्माणको लागि अनुदान रकम दिने व्यवस्था छ । पालिकाले दुर्गा मा.वि. सिमारको लागि ल्याव निर्माणको लागि रकम रु. १८,००,०००.०० अनुदान दिएको देखियो । यसरी निकासा पठाइएको रकमबाट ल्याव निर्माण गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथ नियमावली र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्विकृत मापदण्ड बमोजिम भए नभएको एकिन गरी सुधार गर्नको लागि नियमितरुपमा अनुगमन गर्नु पर्नेमा सो भएको देखिएन । यस तर्फ कार्यालयले ध्यान दिनु जरुरी छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>विविधतर्फ</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्नेः भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ (१) मा पदाधिकारी वा कर्मचारीले काजमा वा भ्रमणमा जाँदा आफूले यात्रा गर्दा खरिद गरेको टिकट, बोर्डिङ्ग पास तथा प्रमाण पेश गरेमा सोधभर्ना पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम टिकट, बोर्डिङ्ग पास र भ्रमण खर्चको प्रमाण बेगर रु. १३,४९० भुक्तानी गरेको हुनाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">३४।०७८।६।२५</td><td rowspan="2">उकेन्द्र बहादुर बोहरा</td><td>धनगढी देखि काठमाण्डौ (०७८।११।१५)</td><td>५२९५</td><td rowspan="2">बोर्डिङ्ग पेश गरेको पाइएन ।</td></tr>
<tr><td>काठमाण्डौ देखि धनगढी (०७८।११।२१)</td><td>८१९५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१३४९०</td><td></td></tr>
</table></td><td>१३,४९०</td></tr>
</table>

<table>
<tr><td>१९.२</td><td>२१५</td><td>२०७८-११-२९</td><td>जेहेन्दार छात्रवृतिः जेहेन्दार विद्यार्थी भनी लक्ष्मी बोहरालाई कार्यपालिकाको निर्णयको आधारमा रु. १,००,००० शसर्त अनुदान शीर्षकबाट पालिकाले छात्रवृति भुक्तानी गरेको पाइयो । यस्तो खर्च पालिकाले कार्यविधि बनाई आन्तरिक शीर्षकबाट खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>पदाधिकारी अनुगमन भत्ताः सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ ।यस पालिकाका पदाधिकारी तथा कर्मचारीहरु समेतले पालिकाको बिभिन्न कार्यक्रममा अनुगमन/सहभागिता वा भ्रमण गरे बापत कर कट्टी पछि देहाय बमोजिम भुक्तानी भएको भत्ता रु. ८०,७५० नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रु.</th><th>कर पछिको रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>३३५।०७९।३।२५</td><td>पालिकाका ६ जना पदाधिकारी तथा कर्मचारी</td><td>९५०००</td><td>८०७५०</td><td>लघु उद्यम विकास कार्यक्रम अन्तर्गतको अनुगमन भत्ता</td></tr>
</table></td><td>८०,७५०</td></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>न्यानो झोला वितरणः पालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम रहेकोमा यो वर्ष पालिकाले भौ.नं. १८९ ०७८।११।१२ बाट ४५० वटा न्यानो झोला रु. ८९९ का दरले रु. ४,९३,००० को खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देशन गरे बमोजिमको स्पेशिफिकेशन अुनसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोला गुणस्तरीय छ भन्न सक्ने अवस्था देखिएन । साथै न्यानो झोला खरिद बर्थिङ्ग सेन्टरमा हुने अनुमानित सुत्केरी संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । साथै कार्यालयले आ.व.०७८।७९ को सुत्केरी संख्या र न्यानो झोलाको मौज्दात विवरण राखेको पाइएन । तसर्थ, निर्देशिकाले तोके अनुसारको अनुमानित सुत्केरी संख्या र गुणस्तरको झोला यकिन गरी खरिद गर्नुका साथै लाभग्राहीलाई समयमै वितरण गर्नु पर्दछ । न्यानो झोलाको व्यक्ति वा स्वास्थ्य संस्थालाई वितरण वा हस्तान्तरण गरेको अभिलेख तथा कति मौज्दात छ भनी विवरण यकीन नभएको अवस्थामा न्यानो झोला वितरण गरेको भरपाई साथै पाउनेको सम्पर्क सहितको अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>वितरण गरेको भरपाई पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएको रु. २,६७,९४० को भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
</table></td><td>२६७,९४०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>६५।०७८।८।६</td><td>जलस्रोत व्यवस्थापनको आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम</td><td>५९४१०</td><td>बन्दा, रायो र मुला समेत वितरण गरेको भरपाई नभएको ।</td></tr>
<tr><td>२</td><td>६७।०७८।८।६</td><td>५ दिने अगुवा कृषक तालीम</td><td>५८५३०</td><td>मुला, बन्दा, काउली र गाँजर समेत वितरण गरेको भरपाई पेश नभएको ।</td></tr>
<tr><td>३</td><td>२५०।०७९।१।७</td><td>महारुद्र कृषक समूह</td><td>१५००००</td><td>जैबिक मल, हजारी तथा कृषि सामाग्री खरिद गरेको भरपाई पेश भएको पाइएन ।</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>२,६७,९४०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>गाउँपालिका कृषि अनुदान</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>अनुदान वितरण गर्दा कार्यविधि वनाई सूचक तथा मापदण्डहरु तय गर्ने, त्यसको आधारमा कृषकहरुको प्राथमिकीकरण तथा छनौट गर्ने, प्रभावकारी अनुगमन तथा मुल्याङ्कन गर्ने जस्ता विधिहरु निश्चित गरि सोही अनुरुप कार्यक्रम सञ्चालन गर्नु पर्दछ। पालिकाले नमूना बाखा फर्म निर्माण कार्यक्रम अन्तर्गत मिति २०७८।१०।२७ र मिति २०७८।१०।२८ मा क्रमशः नमूना बाखा पालन तथा बहुउद्देशिय कृषि फर्म र पिजास बाखा फर्मसँग सम्झौता गरि प्रति फर्म रु. ४,३०,००० का दरले रु. ८,६०,००० अनुदान दिएको देखिन्छ। पालिकाबाट यि कृषि फर्महरु छनौट हुनुका आधारहरु खुल्ने कुनै पनि कागजात पेश हुन सकेन। अनुदानको प्रभावकारिता तथा उपलब्धिका सम्बन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिएन। अतः पालिकाले उल्लेखित विषयहरु समेटी कार्यविधि बनाएमात्र अनुदान वितरण गर्नु पर्ने हुन्छ।</td><td></td></tr>
<tr><td>२०.२</td><td>२</td><td>२०७९-१-४</td><td>मिति २०७९।१।४, गोश्वारा भौचर नं २ मा पालिकाले नमूना बाखा पालन तथा बहुउद्देशिय कृषि फर्मलाई र मिति २०७९।१।४, गोश्वारा भौचर नं ३ मा पिजास बाखा फर्मलाई अनुदान बापत प्रति फर्म रु. ४,३०,००० का दरले रकम भुक्तानी गरेको देखिन्छ। यसरि दुई फरक फर्महरुलाई अनुदान दिईएको भएपनि भुक्तानी दिँदा उठाइएको गोश्वारा भौचरमा दुवै फर्मको भ्याट/प्यान नं (६१२९२२५५६) समान रहेको छ। त्यस्तै यसरि फरक-फरक फर्मलाई भुक्तानी गर्दा पनि एउटै चेक नंम्वर १४८११२२३ बाट भुक्तानी भएको देखिन्छ। अतः पालिकाले यस सम्वन्धमा यथार्थ यकिन गरि प्रमाण पेश गर्नु पर्ने रु.</td><td>८६०,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेकोमा, कार्यालयले पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट गरेको, अनुगमन गरि त्यसको मूल्यांकन र प्रतिवेदन गरेको पाईएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, बाटो, घेरपर्खाल निर्माण कार्य लगायतका ३१ वटा कार्यक्रमहरु सञ्चालन गरि ४३४ जनालाई ६२ देखि १०० दिन सम्म रोजगारी उपलब्ध गराई रु १,३४,५५,७४१.०० खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>प्रधामन्त्री रोजगार कार्यक्रम निर्देशिका,२०७५ दफा ६८ मा रोजगार आयोजनाको लागि प्राप्त रकम श्रमिकको पारिकश्रिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले विभिन्न विद्युतीय सामाग्रि खरिद गरेको देखिएकाले नियमित गर्नु पर्ने रकम रु.</td><td>७६,६९८</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सशर्त पुजिगत</td><td></td></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>अनुदान ब्यवस्थापनः कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस गाउपालिकाले आ.वा. २०७८।७९मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए ,नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भन्ने बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।
<table>
<tr><td>सि.न.</td><td>बिद्यालयको नाम</td><td>कार्यक्रमको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>निङलासैनी आ. बि.</td><td>ICT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>दुर्गा मा. बि. सिगार</td><td>ICT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>आदर्श आ.बि</td><td>ICT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>४</td><td>केदार मा. बि.</td><td>ICT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>५</td><td>समैजी मा. बि.</td><td>ICT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>४</td><td>लेखनाथ आ. बि.</td><td>ICT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>५</td><td>काफलशैनी आ. बि</td><td>बिज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>डिलाशेनी मा. बि</td><td>बिज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>
बिद्यालय निमार्णः राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम तथा विभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कार्यालयले कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । त्यसरी नै आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियममा आर्थिक वर्षको अन्तसम्ममा काम सम्पन्न नभई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटीमा राख्न नहुने उल्लेख छ । कार्यालयले निम्न विद्यालयहरुको खातामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु २,१४,००,०००।०० निकासा गरेको र तत्कालै कतिपय कार्यक्रमको कार्यक्रम संचालन गर्न रोक्का समेत राखेको र हालसम्म पनि रोक्का अवस्थामा नै रहेको देखियो । यसरी वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न नगरी विल भरपाई कार्य सम्पन्न प्रतिवेदन वेगर बजेट कार्यक्रम खर्च लेख्ने व्यक्तिलाई जिम्मेवार जिम्मेवार बनाइ कार्य सम्पन्न प्रतिबेदन पेश गर्नु पर्ने रू
<table>
<tr><td>सि न</td><td>बिद्यालयको नाम</td><td>कार्याक्रमको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>मठैराज मा. बि हाडाकोट</td><td>बिद्यालय कोठा निर्माण</td><td>१४६६०००</td></tr>
<tr><td>२</td><td>केदार मा. बि. देवगाउ</td><td>बिद्यालय कोठा निर्माण</td><td>२९०२०००</td></tr>
<tr><td>३</td><td>भुमिराज मा. बि. दौखोला</td><td>बिद्यालयकोठा निर्माण</td><td>१४६६०००</td></tr>
<tr><td>४</td><td>अग्रता आ. बि. चौसाल</td><td>बिद्यालय कोठा निर्माण</td><td>१४६६०००</td></tr>
<tr><td>५</td><td>दुर्गा नमुना मा. बि. सिमार</td><td>नमुना बिद्यालय ब्यवस्थापन</td><td>१४१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२,१४,००,०००</td></tr>
</table>
</td><td>२१,४००,०००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>शिक्षातर्फ</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>शिक्षक दरबन्दी र पदपूर्तिः- स्थानीय तह अन्तर्गत रहेका ५६ सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनु पर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५६ सामुदायिक विद्यालयहरुको ९४ वटा स्थायी शिक्षक, ७० वटा राहत शिक्षक र १०२ वटा नीजि शिक्षकको दरबन्दी रहेकोमा स्थायी अन्तर्गत ८० स्थायी शिक्षक तथा १४ करार शिक्षक गरी ९४ वटा, राहत अन्तर्गत ७० वटा राहत शिक्षक र निजि अन्तर्गत १०२ वटा नीजि शिक्षक पदपूर्ति भई पदपूर्ति मध्ये १४ जना करारका शिक्षक</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | रहेका छन् । जम्मा विद्यार्थी संख्या ८६५९ को विद्यार्थी र शिक्षक अनुपात १ शिक्षकमा ३३ जना विद्यार्थी रहेका छन् । यसरी करार र नीजि शिक्षकको संख्या घटाई पालिकाले स्थायी दरबन्दी र पदपूर्ति ध्यान दिई शिक्षक र विद्यार्थीको अनुपात घटाउनु पर्दछ । | |
| २३.२ | | | **शिक्षकको तलब भत्ता निकासाः** यस वर्ष शिक्षातर्फ सामूदायिक विद्यालयलाई भौ.नं. २८।०७८।६।२५ बाट रु. ३,२८,८८,२६६, भौ.नं. ३१।०७८।६।२५ बाट रु. ६,५०,९३६, भौ.नं. १७१।०७८।११।३ बाट रु. ६,४४,७३६, भौ.नं.१७२।०७८।११।३ बाट रु. २,६६,२२,००४ र भौ.नं. २६७।०७९।३।१० बाट रु. ३,१०,००,३९८ समेत जम्मा रु. ९,१८,०६,३४० तलब भत्ता निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| २३.३ | | | **शिक्षक अभिलेखः** पालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| २३.४ | | | **बाल विकास सहजकर्ता निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७८।७९) बमोजिम प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक निकासा अनुदान दिंदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७८ भरी प्रमाणित भएको यकीन गरी सो आधारमा भर्ना भएका बालबालिकाको आधारमा अनुदान दिने भनी व्यवस्था रहेको छ । पालिकाले उक्त विवरण पेश नै नगरी बिभिन्न विद्यालयको ४१ जना बाल सहजकर्ताको लागि बर्षभरी जम्मा रु. ६७,२६,००० अनुदान निकासा दिएकोमा पालिकाले कार्यक्रम पुस्तिकामा भएको व्यवस्थालाई पालना गरी निकासा दिनु पर्दछ । | |
| २३.५ | | | **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी दरबन्दी मिलान शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस पालिका कार्यालयसँग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., मा.बि. तथा उ.मा.वि.समेत गरी ५६ वटा बिद्यालयमा जम्मा २६६ जना दरबन्दी मौज्दात देखिएतापनि पालिकाले विद्यालयको अवस्था ,विद्यार्थीको, अवस्था विद्यार्थीको संख्या यकिन गरी दरबन्दी मिलान गरेको देखिएन। अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षक तलबको लागि निकासा दिएको रु. ९,१८,०६,३४० वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन । स्थायी, अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम,नियुक्ति मिति,तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव,भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ। | |
| २३.६ | | | **सामुदायिक विद्यालयको गुणस्तरः** सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सो को कार्यानयन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने व्यवस्था छ । यस | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले आ.वा. २०७८।७९ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन। अतः पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| २३.७ | | | **निजि विद्यालयको शुल्क निर्धारणः** नीजि विद्यालयहरुको शुल्क निधारण स्थितिको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी विद्यालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आ.वा. २०७८।७९ मा विद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । अतः पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शुल्क निधारण बारे अनुगमन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २३.८ | | | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।७९) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग मिलान गरी विवरण दिएकोमा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको एकीन गर्ने आधार भएन । पालिकाले छात्रवृति (छात्रा तथा दलित विद्यार्थी समेत)मा निकासा दिएको रु. ३९,४०,००० पाइयो । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराई जिम्मेवार व्यक्तिबाट प्रमाणित गराएर मात्र अनुदान निकासा भुक्तानी गर्नु पर्दछ । | |
| २३.९ | | | **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानः** भौ.नं. ३७।०७८।७।९ बाट १२,५६,००० र भौ.नं.१६८।०७८।१०।२८ बाट रु. १५,३६,००० गरी जम्मा रु. २७,९२,००० पालिकाका बिभिन्न २१ वटा विद्यालयलाई पालिकाको आफ्नै कार्यविधिबाट अनुदान निकासा गरेको छ । सो सम्बन्धमा पालिकाबाट अनुदान वितरणको अनुगमन भएको पाइएन । | |
| २४ | | | **खर्चको बील भरपाई तथा प्रमाण** | |
| २४.१ | १३३ | २०७८-८-२३ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई तथा प्रमाण सहित लेखा राख्नु पर्ने व्यवस्था छ । विरेन्द्र प्रसाद जोशीले भ्रमण खर्च बापत रु. २५,००० को भुक्तानी प्राप्त गर्दा भौचर संलग्न मात्र रु. २०,००० को प्रमाण पेश हुन आएकोले बढी भुक्तानी भएको रु. ५,००० असूल गरी दाखिला गर्नुपर्ने रु. | ५,००० |
| २४.२ | १४७ | २०७८-९-२ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई तथा प्रमाण सहित लेखा राख्नु पर्ने व्यवस्था छ । भागेश्वरी मल्टि ट्रेड एण्ड सप्लायर्सले स्यानिटरी प्याड बापत रु. ३,४४,५०७.१३ को बील पेश गरी रु. ३,५०,००० को भुक्तानी प्राप्त गरेकोमा बढी भुक्तानी रु. ५,४९३ असूल गरी दाखिला गर्नुपर्ने रु. | ५,४९३ |

| | | | | |
|---|---|---|---|---|
| २४.३ | २७९ | २०७९-३-१३ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई तथा प्रमाण सहित लेखा राख्नु पर्ने व्यवस्था छ । नविन बहादुर रानाले गाउँपालिकाको टुहुरा, अपाङ्ग, विपन्न, दलित महिलाको विवरण संकलन गरे बापत निजलाई खाजा र चिया बापत भुक्तानी भएको रु. ८६,००० को बील भरपाई पेश नभएको रकम असूल हुनुपर्ने रु. | ८६,००० |
| २४.४ | ३५ | २०७८-६-२५ | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । मर्मत सम्भार खर्च गर्दा कार्यालयले मर्मत गर्ने सवारीको विवरण लगायतका मर्मत सम्भार अभिलेखमा दर्ता गर्ने गरी अन्य विवरण पेश नभएकोरु. २,०३,००० को खर्चको आधार तथा पुष्टयाई पेश गर्नुपर्ने रु. | २०३,००० |
| २४.५ | ९२ | २०७८-८-१२ | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट गुनासो सुनुवाई अधिकारी शीर्षकमा रु. १,००,००० भुक्तानी भएकोमा भौचर संलग्न इन्धनको बील मात्र रु. १,००,००० प्राप्त भएको तथा उक्त रकम गणेश सिंह बोहराले प्राप्त गरेकोमा अनियमित देखिएको रु. | १००,००० |
| २५ | | | **कृषितर्फ**<br>कृषि कार्यक्रम ५० प्रतिशत अनुदान | |
| २५.१ | १८० | २०७८-११-८ | समैजी बहुउद्देश्यीय कृषि तथा पशुपन्छी कृषक समूहलाई मौरीको साना व्यवसायिक कृषि उत्पादन कार्यक्रम ५०।५० अन्तर्गत मौरीको व्यवसायिक उत्पादनका लागि कार्यालयबाट रु. ४,००,००० अनुदान भुक्तानी गर्ने सम्झौता पत्र अनुसार उक्त कार्यक्रमको कृषक समूहको दर्ता, सम्झौता अनुसारको प्राविधिक कार्य सम्पन्न, लागत यकीन नभएको, कृषक समूहको प्रगति प्रतिवेदन, कार्यालयको अनुगमन र सार्वजनिक परीक्षण लगायतको विवरण र प्रमाण पेश नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी भएको पाइएन । | |
| २५.२ | २९५ | २०७९-३-१५ | बाली विकास कार्यक्रम अन्तर्गत मकै खेती सम्बन्धी २ दिने तालीम तथा मकै खेती ५०।५० का लागि कार्यालयबाट रु. ४,९८,००० अनुदान भुक्तानी भएको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, कार्य सम्पन्न प्रतिवेदन पेश नभएको र कार्यालयको अनुगमन लगायतको विवरण पेश नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी भएको देखिएन । | |
| २५.३ | २४९ | २०७९-१-७ | बेतालेश्वर कृषक समूहलाई मौरीको साना व्यवसायिक कृषि उत्पादन कार्यक्रम ५०।५० अन्तर्गत मौरीको घार सहित उत्पादनका लागि कार्यालयबाट रु. ४,००,००० अनुदान भुक्तानी गर्ने सम्झौता पत्र अनुसार उक्त कार्यक्रमको कृषक समूहको दर्ता, सम्झौता अनुसारको प्राविधिक कार्य सम्पन्न, लागत यकीन नभएको, कृषक समूहको प्रगति प्रतिवेदन, कार्यालयको अनुगमन र सार्वजनिक परीक्षण लगायतको विवरण र प्रमाण पेश नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी भएको देखिएन । | |

<table>
<tr><td>२५.४</td><td>२५<br>५</td><td>२०७९<br>-१-७</td><td>भौनेली कृषि सहकारी संस्था लि.लाई बाली विकास कार्यक्रम ५०।५० अन्तर्गत मकै पकेट विकासका लागि कार्यालयबाट रु. ६,००,००० अनुदान भुक्तानी गर्ने शर्तको सम्झौता पत्र अनुसार उक्त कार्यक्रमको कृषक समूहको दर्ता, नविकरण, सम्झौता अनुसारको प्राविधिक कार्य सम्पन्न, लागत यकीन नभएको, कृषक समूहको प्रगति प्रतिवेदन, लाभान्वित कृषक समूहको अवस्था, कार्यालयको अनुगमन र सार्वजनिक परीक्षण लगायतको विवरण र प्रमाण पेश नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी छ भनी यकीन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२५.५</td><td>२६<br>३</td><td>२०७९<br>-२-<br>२०</td><td>आधुनिक कृषक समूहलाई मकै पकेट बाली विकास कार्यक्रम ५०।५० अन्तर्गत कार्यालयबाट रु. ५,००,००० अनुदान भुक्तानी गर्ने शर्तको सम्झौता पत्र अनुसार उक्त कार्यक्रमको कृषक समूहको दर्ता, नविकरण, सम्झौता अनुसारको प्राविधिक कार्य सम्पन्न, लागत यकीन नभएको, कृषक समूहको प्रगति प्रतिवेदन, लाभान्वित कृषक समूहको अवस्था, कार्यालयको अनुगमन र सार्वजनिक परीक्षण लगायतको विवरण र प्रमाण पेश नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी छ भनी यकीन आधार देखिएन ।</td><td></td></tr>
<tr><td>२६</td><td>५</td><td>२०७८<br>-७-<br>१६</td><td>गाउँपालिका स्वास्थ्य<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च भएको पुष्टि हुने प्रमाण भएपछि मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य शाखाको लागि आवश्यक सामाग्री ढुवानि गर्न गाडी धनि लोकेन्द्र बहादुर वोहरासँग सम्झौता गरेको र सो वापतको रु. ४,५०,००० रकम भुक्तानि गर्दा लगवुक लगायतका भुक्तानी दिन प्रमाण पुग्ने कागजात नराखी भुक्तानी दिईएकाले प्रमाण पेश गर्नु पर्ने रु.</td><td>४५०,०००</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>शसर्ततर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>प्रमाण कागजात बेगर भुक्तानीः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरुमा कैफियतमा उल्लिखित व्यहोरा बेगर भुक्तानी गरेको पाइयो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>३२।०७८।६।२५</td><td></td><td>शिक्षण सिकाई अनुदान (शुन्य दरबन्दी भएका विद्यालय)</td><td>१०२८७२०</td><td>पालिकाबाट अनुगमन भएको पाइएन ।</td></tr>
<tr><td>२</td><td>३३।०७८।६।२५</td><td></td><td>विद्यालयको शैक्षिक गुणस्तर तथा सुदृढिकरण अनुदान</td><td>२००००००</td><td>पालिकाबाट अनुगमन भएको पाइएन ।</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | १६६।०७८।१०।२८ | | शिक्षण सिकाई अनुदान कार्यक्रम | ६५९९६० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| ४ | १७८।०७८।११।५ | नरेश सिंह भण्डारी | लघु उद्यम सीप सिर्जना गर्ने कार्यक्रम | १६६००० | कार्यक्रमको नर्मस अनुसारको लागत अनुमान पेश भएको पाइएन । |
| ५ | ६५।०७८।८।६ | पूर्ण बहादुर चन्द | जिविकोपार्जन कार्यक्रम | ११९५०० | कार्यक्रमको नर्मस अनुसारको लागत अनुमान र प्रतिवेदन पेश भएको पाइएन । |
| ६ | ६७।०७८।८।६ | पूर्ण बहादुर चन्द | ५ दिने अगुवा कृषक कार्यक्रम | २००००० | कार्यक्रमको नर्मस अनुसारको लागत अनुमान र प्रतिवेदन पेश भएको पाइएन । |
| ७ | २११।०७८।११।२५ | समैजी मा.वि., गन्ना | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५०००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| ८ | २२३।०७८।१२।१ | लेखनाथ आधारमूत विद्यालय | आई.सि.टी. अनुदान | ६५०००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| ९ | ३४१।०७९।३।२५ | महादेव भट्ट | कक्षा ८ को परीक्षा सञ्चालन कार्यक्रम खर्च | ५७८००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| १० | ३५२।०७९।३।२५ | डिलासैनी मा.वि., खेतागाउँ | आई.सि.टी. स्थापना | ६५०००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| ११ | २५४।०७९।१।७ | कुन्छा बोहरा | सासु बुहारी अन्तर्क्रिया कार्यक्रम | १४०००० | कार्यक्रमको नर्मस अनुसारको लागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अनुमान र प्रतिवेदन पेश भएको पाइएन । |
| १२ | २६२।०७९।२।१९ | लटिनाथ आ.वि. | शुन्य दरबन्दी विद्यालय (शैक्षिक गुणस्तर अनुदान) | १०००००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| १३ | २६८।०७९।३।१० | ९ वटा विद्यालय (तेस्रो चौ. निकासा) | शुन्य दरबन्दी विद्यालय (शैक्षिक गुणस्तर अनुदान) | १८४९९५० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| १४ | ३१०।०७९।३।२२ | आदर्श आधारभूत विद्यालय | आई सि टी अनुदान | ६५०००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| १५ | ३२५।०७९।३।२४ | कफलासैनी मा.वि.,पुजरी गाउँ | आई सि टी अनुदान | ६५०००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| १६ | ३२८।०७९।३।२४ | केदार आधारभूत विद्यालय, देवगाउँ | आई सि टी अनुदान | ६५०००० | पालिकाबाट अनुगमन भएको पाइएन । |
| १७ | ३२९।०७९।३।२४ | सेटीगाउँ मा.वि. | लर्निङ्ग बाई अर्निङ्ग कार्यक्रम | १०००००० | पालिकाबाट अनुगमन भएको पाइएन । |

२७.२

**घटि कर कट्टि:** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम बीलको भुक्तानीमा अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । देहायका भुक्तानीमा भ्याटमा दर्ता नभएका तथा रु. २० हजार भन्दा बढी कारोवारमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतको दरले कर कट्टि गरेकोले उक्त रु. १५,१०० घट्टि कर रकम असूल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं.मिति | विवरण | भुक्तानी रु. | कर कट्टि गर्नुपर्ने | कट्टि भएको | घट्टि कर असूल हुनुपर्ने रु. |
|---|---|---|---|---|---|
| ३३८।०७९।३।२५ | लिपुलेक मिडिया प्रा.लि. | ६०००० | ९००० | २००० | ७००० |
| २८२।०७९।३।१३ | मिसन पर्यटन संघ | ६०००० | ९००० | ९०० | ८१०० |
| जम्मा | | | | | १५१०० |

१५,१००

| | | | | |
|---|---|---|---|---|
| २७.३ | | | **प्रशिक्षक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को ७.१.१५ को ४ (क) बमोजिम सहायककृतस्तरको तालिममा प्रशिक्षकलाई प्रति सेसन बाचन बापत रु. ७०० तथा कार्यपत्र बापत रु. ८०० को दरले तथा अधिकृतस्तरको प्रशिक्षकलाई प्रति सेसन बाचन बापत रु. ११०० तथा कार्यपत्र बापत रु. ७०० को दरले भुक्तानी गर्नुपर्ने तथा सहयोगी भत्ता रु. ५०० मात्र हुने व्यवस्था छ । पालिकाले कार्यपत्र बेगर प्रति सेसन प्रशिक्षकलाई रु. १३००,रु. १५०० र १७०० को दरले भुक्तानी गरेको पाइयो। निर्देशिका विपरीत भुक्तानी भएको बढी रकम रु. ४३,२६५ देहायको प्रशिक्षकबाट असुल हुनुपर्ने रु. | ४३,२६५ |

| भौ.नं.र मिति | प्रशिक्षक | सेसन | कर कट्टी गरि भुक्तानी दिनुपर्ने रकम | कर कट्टी गरि भुक्तानी भएको रकम | बढि रकम असूल रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १८३।०७८।११।१० | गोकुल प्रसाद जोशी | ३ | २५५० | ४३३५ | १७८५ | मर्मत सम्भार कार्यकर्ता पुनर्ताजगी तालीम |
| | गणेश सिंह बोहरा | ३ | २५५० | ४३३५ | १७८५ | |
| | उकेन्द्र बहादुर बोहरा | ३ | २५५० | ४३३५ | १७८५ | |
| १९६।०७८।११।१८ | देवु विष्ट | ३ | ३५७० | ६३७५ | २८०५ | आय आर्जन समूहलाई व्यवसायिक योजना सम्बन्धी तालीम |
| | गणेश सिंह बोहरा | ३ | २५५० | ४३३५ | १७८५ | |
| | उकेन्द्र बहादुर बोहरा | ३ | २५५० | ४३३५ | १७८५ | |
| | पार्वती राना | ३ | २५५० | ४३३५ | १७८५ | |
| १९७।०७८।११।१८ | उकेन्द्र बहादुर बोहरा | २ | १७०० | २८९० | ११९० | वासवोर्ड अवधारणा र सञ्जालको काम कर्तव्य |
| | गणेश सिंह बोहरा | २ | १७०० | २८९० | ११९० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सम्बन्धी तालीम | |
| | | | २३२।०७८।१२।२८ | उत्सव अधिकारी | ५ | ६८०० | १०२०० | ३४०० | जिल्ला स्तरीय जी आई एस तालीम | |
| | | | २२२।०७८।११।३० | शंकर बहादुर साउद | ५ | ४६७५ | ६८०० | २१२५ | कृषि उत्पादन भैसी पकेट विकास तालीम | |
| | | | | धर्मानन्द जोशी | ५ | २९७५ | ५१०० | २१२५ | | |
| | | | २३५।०७९।१।४ | पार्वती भण्डारी राना | २ | ८५० | १७०० | ८५० | योजना निर्माण सम्बन्धी कार्यशालामा प्रशिक्षण | |
| | | | | महादेव भट्ट | २ | १३६० | २५५० | ११९० | | |
| | | | | धर्मराज भट्ट | २ | १३६० | २५५० | ११९० | | |
| | | | | हर्क बहादुर बोहरा | २ | १३६० | २५५० | ११९० | | |
| | | | ३४३।०७९।३।२५ | महादेव भट्ट | ५ | ४२५० | ६३७५ | २१२५ | पाठ्यक्रम प्रशिक्षण भत्ता | |
| | | | | पुष्पराज जोशी | ४ | ३४०० | ५१०० | १७०० | | |
| | | | | गणेशदत्त जोशी | ५ | ४२५० | ६३७५ | २१२५ | | |
| | | | २४९।०७९।१।७ | सुदर्शन लेखक | ७ | ४१६५ | ५९५० | १७८५ | मौरी पकेट सञ्चालन प्रशिक्षण | |
| | | | | सन्तोष बोहरा | ७ | ४१६५ | ५९५० | १७८५ | | |
| | | | २६६।०७९।२।२३ | उमेशराज जोशी | २ | १८७० | ४२५० | २३८० | मौरीपालन आधारभूत तालीम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९५।०७९।३।१५ | राजेश नाथ (ना.प्र.स.) | ८ | ४७६० | ८१६० | ३४०० | मकै खेती सम्बन्धी तालीम |
| जम्मा | | | | | ४३२६५ | |

२७.४ **कोभिड १९ महामारी प्रभावित राहत खर्चः** कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ अनुसार लाभग्राहीको खाता खोली मात्र खातामा अधिकतम रु. १०,००० सम्म नगद राहत रीतपूर्वकको लाभग्राही छनौट गरी पालिकाले ५५७ जनाको खातामा पठाउनु पर्नेमा पालिकाका ५५७ जनालाई जम्मा रु. ५५,७०,००० लाभग्राहीको बैङ्क खातामा पठाएकोमा आंशिकको मात्र खाता खोली बैङ्कमा जम्मा भएकोले खाता खोल्न बाँकी रहेको लाभग्राही संख्या अधिकतम् रहेकोले कार्यविधिमा भएको व्यवस्थालाई पालना गर्नु पर्दछ ।

२७.५ **सम्झौतामा उल्लेख नभएको पोशाक भत्ताः** करार कार्यविधि निर्देशिका अनुसार करारको कर्मचारीलाई करार सम्झौतामा तोकिएको सेवा सुविधा भन्दा बढी सुविधा भुक्तानी गर्न मिल्दैंन् । पालिकाले देहाय बमोजिमका करारका कर्मचारीलाई सम्झौतामा उल्लेख नभएको चैत्र महिनाको पोशाक भत्ता रु. ६०,००० भुक्तानी गरेकोले उक्त पोशाक भत्ता रकम सम्झौतामा उल्लेख गरी भुक्तानी गर्नु पर्दछ ।

| गो.भौ.नं.र मिति | कर्मचारीको नाम | पोशाक खर्च रु. | कैफियत |
|---|---|---|---|
| २२५।०७८।१२।२८ | जानकी कुमारी बोहरा | १०००० | सम्झौतामा उल्लेख नभएको । |
| २२५।०७८।१२।२८ | शारदा खत्री | १०००० | |
| २२५।०७८।१२।२८ | पार्वती चौधरी | १०००० | |
| २२५।०७८।१२।२८ | सिता लुहार | १०००० | |
| २२५।०७८।१२।२८ | निर्मला नाथ | १०००० | |
| २२५।०७८।१२।२८ | कलावती नाथ | १०००० | |

२८ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा रु. २० लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरेको दररेट विश्लेषण गरी सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया बेगर निम्नानुसार रु. १२,४३,९०० का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

<table>
<tr><td></td><td></td><td></td><td>

- खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन भएको दररेट विश्लेषणको आधारमा खरिद गरेको देखिएन,
- आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखे नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।
- तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखे, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राखे तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको मौज्दात जनाई जिन्सी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**सेनेटरी प्याड**

सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने स्यानिटरी प्याड निःशुल्क उपलब्ध गराउन निम्न बमोजिम कोटेशनबाट रु. १९,४९,६३६ को प्याड खरिद गरी भुक्तानी गरेको छः

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१४५।०७८।९।२</td><td>भागेश्वरी मल्टि ट्रेड एण्ड सप्लायर्स</td><td>३५००००</td><td>६९२८ प्याड रु. ४४ को दरले</td></tr>
<tr><td>२</td><td>२१३।०७८।११।२९</td><td>ओसियन ट्रेडर्स</td><td>४९९९१२</td><td>१०००० प्याड रु. ४४.२४ को दरले</td></tr>
<tr><td>३</td><td>२१४।०७८।११।२९</td><td>न्यू ओसियन ट्रेडर्स</td><td>९९९००</td><td>२००० प्याड रु. ४४.२४ को दरले</td></tr>
<tr><td>४</td><td>२१७।०७८।११।२९</td><td>ग्लोबल मेडि इक्विपमेन्ट</td><td>४९९९१२</td><td>१०००० प्याड रु. ४४.२४ को दरले</td></tr>
<tr><td>५</td><td>२१८।०७८।११।२९</td><td>द ग्लोबल सर्जिकल हाउस</td><td>४९९९१२</td><td>१०००० प्याड रु. ४४.२४ को दरले</td></tr>
</table>

</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>जम्मा</td><td>१९४९६३६</td><td></td></tr></table> सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्पेसिफिकेशन सहितको लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन् । स्यानिटरी प्याड गुणस्तर निरीक्षणको विवरण प्राप्त भएको छैन्। नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नु पर्दछ । यसरी प्याड सोझै कोटेशनबाट खरिद गर्नुको सट्टा सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नु उपयुक्त देखिन्छ। | |
| ३० | ८७ | २०७९-३-२४ | **सुरक्षित नागरिक आवास**<br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ ले छनोट भएका लाभग्राहिहरुसँग अनुसूचि २ बमोजिम सम्झौता गर्नुपर्ने, लाभग्राहीले अनुदान प्राप्तिका लागि अनिवार्य बैंक खाता खोल्नुपर्ने, दुई किस्तामा अनुदान दिनुपर्ने, निर्माण कार्य सम्पन्न भएको भनि प्राविधिकको प्रतिवेदन सहितको सिफारिस तथा कार्यसम्पन्न भएको फोटोहरुको आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्ने, झुठा विवरण पेश गरी अनुदान रकम लिन नपाइने लगायतका व्यवस्थाहरु गरेको छ। यस कार्यक्रमको लेखापरीक्षण गर्दा पालिकाबाट लाभग्राहीसँग गरेको सम्झौता, लाभग्राही छनौटका आधार, प्राविधिक प्रतिवेदन, कार्यसम्मपन्न पछिका फोटोहरु लगायतका आवश्यक कागजातहरु पेश हुन सकेन। त्यस्तै पालिकाले १४३ लाभग्राहीहरुको खातामा कुल रकम रु. २८,५१,५७४.०० भुक्तानी गर्दा ७७ जना लाभग्राहीहरुको खाता नम्वर उल्लेख भएको पनि दखिएन। अतः उल्लेखित अवस्थाहरुको कारण पालिकाले यस कार्यक्रम अन्तर्गत खर्च लेखेको तर प्रमाणहरु पेश हुन नसकेको कारण प्रमाण पेश गर्नुपर्ने रकम रु | २,८५१,५७४ |
| ३१ | | | **मर्मत खर्चः**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मतमा रु ५०००००.० खर्च गरेकोमा, मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन। | |
| ३२ | | | **भ्रमण अभिलेख नभएकोः**<br>भ्रमण खर्च नियमावलि,२०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यलयले अनुसूचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले कर्मचारीहरुको वार्षिक रु १५४९९०.० खर्च लेखेको विवरण | |

| | | | | |
|---|---|---|---|---|
| | | | पेश गरेको छ ।भ्रमण अभिलेख नहुँदा वास्तविक भ्रमण भए नभएको यकिन हुन सकिएन भने भ्रमण खर्च नियमावलि,२०६४ को नियम १८ बमोजिम भ्रमण पश्चात भ्रमण प्रतिवेदन संलग्न नराखेकोले नियमावलिको व्यवस्था अनुसार गर्न विषेश ध्यान पुर्याउनुपर्दछ । | |
| ३३ | | | **सवारि साधन भाडाः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सार्वजनिक खर्चको लागी कार्याविधि,नीति,नियम,मापदण्डमा रही गर्नुपर्ने व्यवस्था छ र खर्चको प्रमाण स्वरुप बिल भर्पाई कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ ।कार्यालयले लेखापरीक्षण योजनाअनुसार श्रेस्ता परीक्षण गर्दा कार्यालयका विभिन्न प्रयोजनमा गाडी भाडा वापत विभिन्न गाडी धनि तथा सवारी चालकहरुसंग सम्झौता गरी रु १९३९०००/- खर्च गरेको पाईयो ।उक्त खर्च लेख्दा निर्दिष्ट सवारी लगबुक फारममा नभई हाते सवारी लगबुकको आधारमा सम्बन्धित पदाधिकारीहरुले प्रमाणित नगरी भुक्तानी गरेको हुँदा वास्तविक कार्य भए नभएको एकिन हुन सकिएन ।यस्ता कार्य नियन्त्रण हुनुपर्दछ । | |
| ३४ | | | **विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाको आन्तरिक आय रु.१९५२३०५.२३ रहेकोमा अतिथि सत्कार खर्च वापत रु ८००,०००.० खर्च गरेको छ ।आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र खर्च गरी यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ३५ | | | **ईन्धन खर्चः**<br>कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।कार्यालयले यस वर्ष इन्धन खर्च वापत कार्यालय प्रयोजनको लागि रु.२५,०७,७००.० खर्च पाईयो।यसरी खर्च लेख्दा पालिकाले कति सवारी साधनले कुन कार्य सम्पादनका लागि के कति इन्धन खपत गरेको सो एकिन गर्न सकिएन ।पालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित अभिलेख र लगबुकका आधारमा इन्धन खर्च लिने व्यवस्था गर्नुपर्दछ । | |
| ३६ | | | **धरौटी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२ देखि ७२ सम्म धरौटी सम्वन्धी विभिन्न व्यवस्था गरेको छ। पालिकाले उल्लेखित नियम तथा अन्य कानूनि व्यवस्था बमोजिम बिधिसम्मत धरौटी सम्बन्धी श्रेस्ता राख्नु पर्ने हुन्छ। पालिकाले लेखापरीक्षणका क्रममा धरौटीका श्रेस्ताहरु पेश नगरेको कारण पालिकाको आर्थिक विवरणमा धरौटी आम्दानी रु ५,९९,९५८ देखिएको भएतापनि धरौटी रकम लगायतका धरौटी सम्बन्धी आवश्यक विषयहरु यकिन गर्न नसकिएकाले यस सम्बन्धी प्रमाण पेश गर्नु पर्ने रकम रु. | ५९९,९५८ |
| ३७ | | | **आन्तरिक आयको ठेक्का व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजश्वको संभाव्यता अध्ययन तथा राजश्वको दायरा फराकिलो बनाउनुपर्ने अवस्था छ । पालिकाले आ व २०७८।७९ मा लगाएको आन्तरिक आयको ठेक्का सम्बन्धीको | |

| | | | | |
|---|---|---|---|---|
| | | | विवरण लेखा परीक्षणको क्रममा पेश हुन सकेन । यसर्थ आन्तरिक आम्दानीको ठेक्काको विवरण सहितको विश्लेषण गरी आन्तरिक राजश्वको अवस्था आंकलन गर्न सकिएन । तसर्थ पालिकाले आन्तरिक आय क्षमता वृद्धि गर्नु पर्दछ । | |
| ३८ | | | **उपभोक्ता समितिको काम** | |
| ३८.१ | | | **उपभोक्ताको काम**:सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना पार्क निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन । | |

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | रूदेश्वर देखि वडा कार्याल सडक नि.उ.स. | सडक निर्माण | ३७००००० |
| २ | रूदेश्वर देखि वडा कार्याल सडक नि.उ.स. | सडक निर्माण | ३३००००० |
| ३ | वडा न १कार्यालय प्लाष्टर रङरोगन उ.स. | कार्यालय रङरोगन | १४४५००० |
| ४ | सैनागाउ नगराउ सडक नि.उ.स. | सडक निर्माण | १४२३००० |
| ५ | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स. | सडक निर्माण | ३८००००० |
| ६ | सेटीगाउ मा. बि. घेरा पर्खाल उ.स. | घेरा पर्खाल | १७८२००० |
| ७ | भवानी आ. बि. घेरा पर्खाल उ.स. | घेरा पर्खाल | १७००००० |

| | | | |
|---|---|---|---|
| ८ | दौखोला खानेपानी योजना उ.स. | खानेपानी | १४९२००० |

३८.२ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रब्द्रन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

३८.३ **गुणस्तर परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सेटीगाउ मा. बि. घेरा पर्खाल तथा फिल्ड निर्माण | सेटीगाउ मा. बि. घेरा पर्खाल तथा फिल्ड नि. उ.स. | ५१५९५०० |
| २ | साकेतोली पहिरो नियन्त्रण | साकेतोली पहिरो नियन्त्रण उ.स. | ७९१००० |
| ३ | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स | ३८००००० |
| | मल्लोगल्ली गाउ कल्भर्ट | मल्लोगल्ली गाउ कल्भर्ट नि.उ.स. | ५७४८६० |

३८.४ **उपभोक्ता समिति दर्ता** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ

<table>
<tr>
<td>३८.५</td>
<td></td>
<td></td>
<td>हार्डरक दर बिश्लेषण: सडक बिभागको नम्स अनुसार दर बिश्लेषको लागी श्रमीकको ज्याला,मेशिनको भाडा र ईन्धनको मुल्य राखी औषतमा आएको मुल्यलाई कार्यको परिमाणसंग गणना गरी रेट निकाल्ने ब्यवस्था छ । यस गाउपालिकाले दर बिश्लेषणमा सो नगरी श्रमिको ज्याला १० प्रतिशत र अन्यमा ९० प्रतिशत राखेको कारण केही कार्यमा सडक बिभागको दर बिश्लेषण भन्दा गाउपालिकाको दर बिश्लेषणमा बढी हुन गई गाउपालिकालाई बढी ब्यायभार पर्न गएको देखिन्छ । गाउपालिका कार्यालयको hard Rock दर बिश्लेषण र सडक बिभाग पाटनको Hard Rock को दर बिश्लेषण भिडान गर्दा सडक बिभागको भन्दा बढी दरमा भुक्तानी भएको देखिएकोले गाउपालिका कार्यालयले एकिन गरी असुल गर्नु पर्ने देखिएको रू
<table>
<tr><td>भौचर न</td><td>पार्टीको नाम</td><td>परिमाण</td><td>नम्सको दर</td><td>भुक्तानी दर</td><td>फरक</td><td>जम्मा</td></tr>
<tr><td>९८।२०७९।३।१९</td><td>रुदेश्वर डिलासैनी सडक नि.उ.स</td><td>१५६८</td><td>८४२</td><td>९६६</td><td>१२६</td><td>१९४४३२</td></tr>
</table>
</td>
<td>१९४,४३२</td>
</tr>
<tr>
<td>३८.६</td>
<td></td>
<td></td>
<td>अनुगमन नभएको: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस गाउपालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको गाउपालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्रारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अत यसले गर्दा गाउपालिकादारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३८.७</td>
<td></td>
<td></td>
<td>जनश्रमदान – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु
<table>
<tr><td>गो.भौ.नं.</td><td>उपभोक्तासमितिरकाम</td><td>मुल्याङन रकम</td><td>जनसहभागिता बेहोर्ने रकम</td><td>जनसहभागिता भएको रकम</td><td>घटीअनुपातिककट्टीरकम</td></tr>
</table>
</td>
<td>५२०,५४९</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| १०।२०७८।७।२५ | खाली खानेपानी उ.स. | ३४६४०३ | ६९२८० | ६३४०३ | ५८७७ |
| ६०।२०७८।११।१६ | साकेतोली पहिरो नियन्त्रण उ.स. | ११५३९२७ | २३०७८५ | १९९९२६ | ३०८५९ |
| ६७।२०७८।११।१८ | धौकुजे सार्वजनिक शौचालय निर्माण उ.स | ४५२७९६ | ९०५५९ | ८२७९५ | ७७६४ |
| ९७।२०७९।३।१९ | आधारभुत स्वास्थ्य केन्द्र मर्मत उ.स | ५७०९६६ | ११४१९३ | ९६९६६ | १७२२७ |
| ९८।२०७९।३।१९ | रूद्रेश्वर देखि वडा कार्यालय सडक नि.उ.स | ४०७२९४८ | ४०७२९४ | ३७२९४८ | ३४३४६ |
| १०२।२०७९।३।२० | भौनेली मन्दिर तटबन्ध नि.उ.स | ३४४०५९ | ६८८११ | ५९०५९ | ९७५२ |
| १२५।२०७९।३।२४ | मल्लोगल्ली गाउ कल्भर्ट नि.उ.स. | ५७४८६० | ११४९७२ | ९८८६० | १६११२ |
| १४१।२०७९।३।२५ | कल्देखोला तटबन्ध नि.उ.स. | ३५२८४४ | ७०६७८ | ६६५३७ | ४०३१ |
| १४४।२०७९।३।२५ | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स | ४१५०२८९ | ८३००५७ | ७८०२८९ | ४९७६८ |
| ९७।२०७९।३।२५ | कालिका मन्दिर नि.उ.स. | ११४६८१९ | २२९३६३ | १९१८१९ | ३७५४४ |
| १८।२०७९।३।२४ | भवानी आ.बि. बलाती ४खानेपानी घेरा पर्खाल उ.स. | २०६५३७१ | ४१३०७४ | ३६५३७१ | ४७७०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६।२०७९।३।२४ | दौखोला खानेपानी उ.स. | १७९१४२७ | ३५८२८५ | ३०७४२६ | ५०८५९ |
| १७।२०७८।८।७ | गोरिल मन्दिर नि.उ.स | ४२५४८१ | ८५०९६ | ६७५७८ | १७५१८ |
| ४३।२०७९।३।१९ | सेटीगाउ मा. बि. घेरा पर्खाल तथा फिल्ड नि. उ.स. | ६२००३८८ | १२४००७७ | १०४८८८ | १९११८९ |
| | | | | | ५,२०,५४९ |

३८.८

**उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्मा त्यस्तो कनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राखन सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ । यस गाउपालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छा । अत यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।गाउपालिका कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।

| सि=न | योजनाको नाम | गो. भौ.न र मिति | निर्माण ब्यावसायी नाम | निर्माणब्यावसायीले गरेको काम | रकम |
|---|---|---|---|---|---|
| १ | रुदेश्वर डिलासैनी सडक नि.उ.स. | २।२०७८।७।१२ | निङलासैनी कन्स्टकशन | सडक निर्माण | ३१८०४४१ |
| २ | सबै सडक नि. उ.स. | ७०।२०७८११।२९ | निङलासैनी कन्स्टकशन | सडक निर्माण | २७४०५२२ |
| ३ | सैनागाउ नगराउ सडक नि.उ.स. | १४८।२०७९।३।२५ | सारूखा एण्ड वाडसन नि. उ.स. | सडक निर्माण | ७९१००० |
| ४ | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स. | १४८।२०७९।३।२५ | केदार हैटराज मैना कन्स्टकशन | सडक निर्माण | ३८००००० |

<table>
<tr>
<td>३८.९</td>
<td></td>
<td></td>
<td>बिजक बेगरको भुक्तानी : आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न निर्माण कार्यको प्राबिधिक बिल अनुसार ब्यासायीलाई रकम भुक्तानी दिएकोमा निमार्ण ब्यावसायीलाई भुक्तानी दिए बरावरको कर बिजक पेश गरेको देखिएन,।अत निर्माण ब्यवसायीले उक्त रकम बरावरको आय बिवरण पेश गरेको भए मु.अ कर समायोजन प्रमाण पेश गर्ने अन्यथा मु.अ.कर रकम ब्यावसायीबाट असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू ...
<table>
<tr><th>योजनाको नाम</th><th>निर्माण ब्यावसायीको नाम</th><th>गो. भौ.न र मिति</th><th>मु.अ.कर भुक्तानी रकम</th><th>बिजक पेश भएको रकम</th><th>बढी रकम</th></tr>
<tr><td>वडा न १कार्यालय प्लाष्टर रङरोगन उ.स.</td><td>सदगुरू टेड्रस</td><td>५०।२०७८।११।१२</td><td>१८६०२१</td><td>३७८८३</td><td>१४८१३८</td></tr>
<tr><td>वडा न २ कार्यालय प्लाष्टर रङरोगन उ.स.</td><td>बिभिन्न</td><td>४७।२०७८।११।१०</td><td>१९६२९९</td><td>५११३६</td><td>१४५१६३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२,९३,३०१</td></tr>
</table>
</td>
<td>२९३,३०१</td>
</tr>
<tr>
<td>३८.१<br>०</td>
<td></td>
<td></td>
<td>दर बिश्लेषणमा बढी भुक्तानी: आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने ब्यवस्था छ । यस गाउँपालिका कार्यालयले निम्न सडक निर्माण कार्यमा रकम भुक्तानी गर्दा गाउपालिकाले बिश्लेषण गरेको दर भन्दा बढी दरमा भुक्तानी दिएको देखीएकोले बढी भुक्तानी हुन गएको असुल हुनु पर्ने रू.
<table>
<tr><th>भौचर न.</th><th>कार्यको नाम</th><th>कामको परिमाण</th><th>बिश्लेषण दर</th><th>भुक्तानी दर</th><th>फरक दर</th><th>बढी रकम</th></tr>
</table>
</td>
<td>१,१३०,२१६</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४८।२०७९।३।२५ | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स | ग्याबिन बक्समा ढुंगा राख्ने ८४ | १९९२ | २५२८ | ५३६ | ४५०२४ |
| १४४।२०७९।३।२५ | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स | ग्याबिन बक्समा ढुंगा राख्ने ८५३ | १९९२ | २४३२ | ४४० | ३७५३२० |
| ४३।२०७९।३।१९ | सेटीगाउ मा. बि. घेरा पर्खाल तथा फिल्ड नि. उ.स. | ग्याबिन बक्समा ढुंगा राख्ने ११०४ | १९९२ | २६३५ | ६४३ | ७०९८७२ |
| | | | | | | ११३०२१६ |

३८.११

**जनसहभागिताको अंशदान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १(क)मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको सहभागिताकोल अंश कति प्रतिशत अंश रहेनेछ भनी गाउसभा वा गाउपालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन ।उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग ५ प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ ।यसरी गाउँपालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन ।अत गाउपालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी गाउसभा वा गाउपालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ ।

३८.१२

**टुक्रा पारी निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७मा उपभोक्ता समितिको कामलाई ट्क्रयाउन नहुने भनी उल्लेख गरेको छ । यस कार्यलयले उक्त ब्यवस्था बिपरित एउटै स्थानको कार्यलाई दुईवटा उपभोक्ता समिती बनाई कार्य गरेको देखिन्छ ।यसरी नियमावलीको ब्यवस्था छल्ने नियत राखि गरेको कार्य वास्तबिक हो भन्न सक्ने आधार देखिएन । अत गाउपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर न. | योजनाको नाम | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १४८।२०७९।३।२५ | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली | देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स | ३८००००० |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१४४।२०७९।३।२५</td><td>देउझाडी सेरा नगराए मठैराज सडक तारजाली</td><td>देउझाडी सेरा नगराए मठैराज सडक तारजाली उ.स</td><td>१९७००००</td></tr>
<tr><td>२।२०७८।७।१२</td><td>रुदेश्वर डिलासैनी सडक नि.उ.स.</td><td>रुदेश्वर डिलासैनी सडक नि.उ.स.</td><td>३३०००००</td></tr>
<tr><td>९८।२०७९।३।१९</td><td>रुदेश्वरदेखि वडा कार्यालय सडक</td><td>रुदेश्वर सडक नि.उ.स.</td><td>३७०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td>७६</td><td>२०७९-३-२४</td><td>धरौटी कट्टि नगरी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) बमोजिम कुनैपनि फर्मलाई भुक्तानी गर्दा ५ प्रतिशतका दरले धरौटी कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट रुद्रेश्वर डिलासैनी पदमार्ग कार्यको लागि रकम रु. ४२,२५,०००.०० जागृति /भुमिराज केदार जे भी भिमदत्त न.पा. – ३ कञ्चनपुरलाई भुक्तानी दिँदा कानुन बमोजिमको धरौटी कट्टी गरेको देखिएन । यस्तो प्रकारको कार्यले कानुनको पालना तथा सार्वजनिक निर्माण कार्यको गुणस्तर तथा निर्माण पश्चातको मर्मत संभारको कार्यमा अवरोध आउन सक्दछ । यसर्थ भुक्तानी गर्दा कानुनी व्यवस्थाको पुर्णरुपमा कार्यान्वयन गर्नु पर्दछ । विद्यमान कानुनको पालना नगरी भुक्तानी भएकोले अनियमित देखिएको रकम रु.</td><td>१८६,९४७</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सोझै खरिद</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>कोटेशनको कार्य: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनदारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि १ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब २० देखि ६७ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा गाउपालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।<table>
<tr><td>गो.भौ. न</td><td>योजनाको नाम</td><td>लागत अनुमान</td><td>स्वीकृत रकम</td><td>भुक्तानी रकम</td><td>घटी प्रतिशत</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| १३०।२०७९।३।२५ | वडा न. १ तटबन्ध निर्माण उ. स. | ९९२१०२ | ९९१९६२ | ९९१९६२ | ०.०१४ |
| १२९।२०७९।३।२५ | रूदेश्वर तटबन्ध निर्माण | ३७०००० | ३७०००० | ३७०००० | ०.०० |
| २०।२०७९।३।२४ | गोकुलेश्वर मठैराज सडक निर्माण | ९८७२६५ | ९८५८९५ | ९८५८९५ | ०.१३ |
| ७९।२०७९।।१।७ | फनिचर्स खरिद | ४९९००० | ४९९००० | ४९९००० | ०.०० |

४०.२ **सवारी साधन कार्यालयको नाममा नभएको** :आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६को दफा (१)मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसमान भए सातदिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न मिति र भौचरबाट खरिद भएका समान कार्यालयको नाममा समेत नामसारी गरी जिन्सी दाखिला गरेको देखिएन । अत कार्यालयले यसरी समान प्रयोग गरी दाखिला नगरी सरकारी सम्पतिको हिनामिना गर्ने ब्यक्तीलाई जिम्मेवारी बनाई मोटरसाईकल कार्यालयको नाममा नामसारी गरी दाखिला गराउनु पर्ने रू १,३१८,९००

| भौचर न | समानको नाम | पार्टीको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| २४।२०७८।८।१४ | मोटरसाईकलखरिद **Yamaha XTZ 149.9cc** | रासी अटो वकर्स प्रा.लि काठमाण्डौ | ४९७००० | सुदिप बोहोराले खरिद गरी बिल पेश गरेको गाउपालिका खातामा दाखिला नभएको । |
| ५९।२०७८।११।१५ | **RISU3ABS** मोटरसाईकल खरिद | जे.एसअटोमोवाईल्स प्रा. लि. | ४८१९०० | कर बिजक नभएको नामसारी नभएको |
| ५९।२०७८।११।१५ | **FZSV3 ABS** मोटरसाईकल खरिद | **SWETA TRADING CONCERN** | ३४०००० | पाम्समा दाखिला नभएको |
| | जम्मा | | १३१८९०० | |

४१ **नापी किताबः**

<table>
<tr><td></td><td></td><td></td><td>निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि किताबहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी किताबको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस गाउपालिका कार्यालयदारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बर्ष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आ.वा. का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
<tr><td>४२.१</td><td>७०</td><td>२०७९-३-२२</td><td>भ्रमण खर्च नियमावली, २०६४ को नियम तथा अनुसुची मा भ्रमण भत्तको दर समेत उल्लेखित छ। दैनिक भ्रमण भत्ता यातायात खर्च र फुटकर खर्च लिईसकेपछी अन्य कुनै प्रकारको खर्चको दाबी गर्न नपाइने व्यवस्था हुँदाहुँदै पनि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (कन्टेन्जेन्सी) बाट निम्नानुसारको रकम भुक्तानी दिएको देखियो।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>भुक्तानी भएको रकम</th><th>भुक्तानी हुनुपर्ने वास्तविक रकम</th><th>बढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>नि.प्र.प्र. अ. श्री गणेश बहादुर बोहोरा (दै भ्र भ)</td><td>१३,९००</td><td>१०,३००</td><td>३,६००</td></tr>
<tr><td>२</td><td>ना.सु. अनिल बहादुर बोहोरा ( दै भ्र भ)</td><td>३०,९००</td><td>१९,१००</td><td>११,८००</td></tr>
<tr><td>३</td><td>होटलको भुक्तानी</td><td>२२,३५२</td><td>०</td><td>२२,३५२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>३७,७५२</td></tr>
</table>
उल्लिखित रकम अनिल बहादुर बोहोराले भुक्तानी लिएको देखिन्छ। निजले अन्य कर्मचारीहरुलाई रकम बुझाएको भर्पाई संलग्न देखिदैन । सम्बन्धितले रकम बुझेको भर्पाई संलग्न राखी बढी भुक्तानी भएको रकम निजबाट असुल हुनु पर्ने रकम रु.</td><td>३७,७५२</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४२.२ | ३४२ | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ताको अंशमा लागत सहभागितको अंश कट्टि गर्नुपर्ने व्यवस्था छ । ठण्डापानी बाखापालन कार्यको लागि स्विकृत लागत अनुमान रकम रु. ५,००,०००.०० भएकोमा कामको मुल्याङ्कन तथा भुक्तानी रकम रु. ५,६०,३९२.०० भई उपभोक्ता समितिको सहभागिताको अंश समेत कट्टी गर्दा बढी भुक्तानी हुन गएको रु. ३०१०९ सम्बन्धितबाट असुल उपर हुनु पर्ने रु | ३०,१०९ |
| ४२.३ | ७२ | २०७९-३-२३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अनुसार कुल सम्झौता रकमको ६ प्रतिशत सेवा शुल्क गैरसरकारी संस्थालाई दिने सो मध्ये पहिलो किस्ता ३० प्रतिशत दिनुपर्ने व्यवस्था छ । पालिकाले ठे नं DRM/BTD/NCB/FSB/05-078/79 घट्टेखोला (पत्थर) झो. पु. सम्झैता रकम रु. १३,३६,३६९.७१ र DRM/BTD/NCB/FSB/06-078/79 अग्रेता झो पु निर्माणको कूल सम्झौता रकम रु. २८७०७१८.५४ को ६ प्रतिशतले हुने रकम रु. १७२२४३.१० को ३० प्रतिशतले हुन आउने रकम रु. ५१६७२.९६ पहिलो किस्तामा सेवा सुल्क स्वरुप भुक्तानी दिनु पर्नेमा रकम रु. १५८००० भुक्तानी भएकोले बढी भुक्तानी रु. १०६३२७ सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु. | १०६,३२७ |
| ४२.४ | ३२ | २०७९-१-४ | ठे. नं. DRM/BTD/NCB/FSB/01-078/79 खिलगाड खुमट सडक आयोजना, डिलासैनी १ बैतडी कार्यको लागि पालिकाले निर्माण व्यवसायी श्री निङ्गलाशैनी कन्ट्रक्सन डिलासैनी ३ बैतडिसँग रकम रु. ७०,८९,९०९.९७ (मु अ कर समेत) मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पहिलो रनिङ्ग बील बाट रकम रु. ५०,९७,६२५.६४ र दोस्रो रनिङ्ग बीलबाट रकम रु. १९,२३,४४५.२० गरी कुल रकम रु. ७०,२१,०७०.८४ रहेकोमा प्रथम किस्ता स्वरुप भौं नं १७।२०७८।११।०८ संघीय हस्तान्तरण कार्यक्रमबाट भुक्तानी रकम रु. ५०,९७,६२५.०० र दोस्रो तथा अन्तिम किस्ता स्वरुप भौं नं ३२।२०७९।०१।०४ संघीय हस्तान्तरण कार्यक्रमबाट रकम रु. २१,१०,०००.०० गरी रकम रु. ७२,०७,६२५.०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. १८६५२५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | १८६,५२५ |
| ४२.५ | ३४२ | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ताको अंशमा लागत सहभागितको अंश कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाको भैरवनाथ कृषि तथा पशुपालन फारामलाई उपभोक्ता समितिको सहभागिताको अंश कटाई रकम रु. ३,६६,७०७.२६ भुक्तानि दिनु पर्नेमा रकम रु. ३,७२,२९१.६४ भुक्तानी भएकोले बढी भुक्तानी भएको असुल उपर हुनुपर्ने रकम रु. | ११,१९२ |
| ४२.६ | २२ | २०७९-३-२५ | ठे.नं. DRM/BTD/NCB/WORKS/02-078/79, गोकुलेश्वर डिलासैनी मठैराज सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी श्री शारुखा एण्ड वाट्सन निर्माण सेवा शैल्शिखर दार्चुलासँग रकम रु ३३,८८,१२३.९४ मा सम्झौता भएकोमा तथा प्राविधिक मुल्याङ्कन रकम रु. २८,२२,२१६.५३ हुँदा रकम रु. २८,४२,०००.०० भुक्तानी भएकोले प्राविधिक मूल्याङ्कन भन्दा बढी भुक्तानी भएको रु. १९७८४ सम्बन्धितबाट असुल हुनुपर्ने रु. | १९,७८४ |
| ४३ | | | **सोझै खरिद** | |

**सोझै खरीदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. २१,२०,००० सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।

| **गो.भौ.नं. मिति** | **खरीद गरेको फर्म** | **सामानको विवरण** | **रकम रु.** |
|---|---|---|---|
| १८७।०७८।११।१२ | उग्रतारा ट्रेडर्स सप्लायर्स | इलेक्ट्रीकल्स सामाग्री | ३६५००० |
| २०८।०७८।११।२० | उग्रतारा ट्रेडिङ्ग हाउस | इलेक्ट्रीकल्स सामाग्री | ३७०००० |
| १८८।०७८।११।१२ | न्यू मेहरा स्टील फर्निचर उद्योग | फर्निचर सामाग्री | ४९०००० |
| २३७।०७९।१।४ | न्यू मेहरा स्टील फर्निचर उद्योग | फर्निचर सामाग्री | ४९५००० |
| ३३२।०७९।३।२५ | संघारी ट्रेडर्स एण्ड सप्लायर्स | फर्निचर सामाग्री | ४००००० |
| जम्मा | | | २१२०००० |

४४

**उपभोक्ता समितिलाई बढी पेश्की भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ५ बमोजिम खरिद सम्झौता भएपछी सार्वजनिक निकायले त्यस्तो समिति वा समुदायलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सक्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको उपभोक्ता समितिलाई नियमावलीले तोकेको भन्दा बढी पेश्की दिएको पाइयो । यसले गर्दा सार्वजनिक स्रोतको मितव्ययी प्रयोग तथा आर्थिक अनुशासन कायम हुन सक्ने देखिँदैन । यसरी नियमावलीले तोकेको भन्दा बढी पेश्कि दिने कार्यलाई निरुत्साहित पार्नु पर्दछ ।

| सि. नं. | उपभोक्ता समितिको नाम | सम्झौता रकम | पेश्की गएको रकम | बढी पेश्की भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | देउझाडी सेरा नरगाउँ डिलासैनी मठैराज सडक मर्मत उपभोक्ता समिति (गो.भौ.नं. ८३।२०७९।०३।१३) | ४३,१२,३९३.३६ | १५,००,०००.०० | ७६,९१०.१९ |
| २ | देउझाडी सेरा नरगाउँ डिलासैनी मठैराज सडक मर्मत उपभोक्ता समिति (गो.भौ.नं. (८४।२०७९।०३।१३) | ४०,५८,६०७.३४ | १४,००,०००.०० | ६०,६५९.५७ |

| | | | |
|---|---|---|---|
| जम्मा | ८३,७१,०००.७० | २९,००,०००.०० | १३,७५६९.७६ |

४५ **सामाजिक सुरक्षा**

४५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(१) बमोजिम पालिकाले लाभग्राहिको अद्यावधिक विवरणका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले लगत कट्टिको विवरण उपलब्ध नगराएकोले सामाजिक सुरक्षामा रु. ९,७७,८४,९४७ निकासा भएकोमा रु. ९,५६,६४,९२९ खर्च भएको र मौज्दात रकम को.ले.नि.का को खातामा पठाएको भनि पालिकाले विवरण दिएपनि लगत कट्टाको विवरणसँग भिडान गर्न नसकिएकाले खर्च रकम बास्तविक हो होईन यकिन गर्न सकिएन। अतः पालिकाले सामाजिक सुरक्षा बापत गरेको खर्च बास्तविक लाभग्राही प्राप्त गरेको तथा लगत कट्टा विवरण अनुरुप भुक्तानी भएको हो भनि सुनिश्चित गर्नु पर्ने हुन्छ।

४५.२ आर्थिक वर्ष २०७८/०८९ को सामाजिक सुरक्षा भत्ता वितरण गरि कुमारी बैंक, गोकुलेश्वर शाखामा रहेको बाँकी रकम रु. २१,२०,०१८ लेखापरीक्षणमा औंल्याएपछी मिति २०७९।५।१९ मा को.ले.नि.का बैतडीको राष्ट्रिय वाणिज्य बैंक, बैतडी शाखामा रहेको खाता नं १०००२०००१०००० मा दाखिला भएको छ।

४६ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सूदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाँउपालिकाबाट देहाय बमोजिम रु. ५३७००००.० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | | 99000 | | | | 99000 |
| ३ | टेलिफोन,मोबाइल | 66000 | 55000 | 234500 | 198000 | 506000 | 1059500 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 55000 | 49500 | 268000 | 198000 | 506000 | 1076500 |
| ५ | समन्वय तथा सहजीकरण | 99000 | 77000 | 402000 | 330000 | 759000 | 1667000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अतिथि सत्कार | 110000 | 99000 | 469000 | | | 678000 |
| ७ | खानेपानी/बिजुली/सरसफाई | 38500 | 33000 | 134000 | 134000 | 253000 | 592500 |
| ८ | चाडपर्व खर्च | 25000 | 22500 | 96000 | 54000 | | 197500 |
| | जम्मा | 393500 | 435000 | 1603500 | 914000 | 2024000 | 5370000 |

४७

**पारिश्रामिक कर कट्टि नभएकोः**

आयकर,ऐन २०५८ को दफा ४ बमोजिम अनुसूचि १(२) अनुसार वार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४,५०,०००.० सम्म १ %,(ख) रु. ४,५०,०००.०-५,५०,०००.० को १०%,(ग) रु.५,५०,०००.०-७,५०,०००.० सम्म रु २,००,०००.० मा २०%,(घ) रु ७,५०,०००.० देखि रु २०,००,०००.० सम्म रु. १२,५०,०००.० मा ३० % र रु.२०,००,०००.० भन्दा बढीको आम्दानिमा (घ)बमोजिम लाग्ने करको दरमा थप २०% अतिरिक्त कर लाग्ने व्यवस्था छ ।कार्यालयले देहाय कर्मचारीको उल्लेखित व्यवस्था अनुसार कर कट्टि नभएको र अन्य कर्मचारीको हकमा हिसाब एकिन गरी घटी कट्टी गरिएको कर असुल हुनुपर्ने रु

| **क्र.सं.** | **कर्मचारीको नाम** | **पद** | **कर योग्य आय** | **पारिश्रमिक छुट** | **कर योग्य खुद रकम** | **कर** |
|---|---|---|---|---|---|---|
| १ | पंख बहादुर शाह | वि.नि | ५०६२५२/- | ४७००००(दम्पति) | ३६२५२/- | ३६२५/- |
| २ | शंकर बहादुर साउद | प.वि.अ. | ५७९२०७/- | ४७००००(दम्पति) | १०९२०७/- | ११८४१/- |
| ३ | धन सिंह माल | ना.सु | ५१४३९३/- | ४७००००(दम्पति) | ४४३९३/- | ४४३९/- |
| ४ | पुर्ण बहादुर चन्द | जलस्रोत अधिकृत | ६२६७५८/- | ४७००००(दम्पति) | १५६७५८/- | ११८३६/- |
| ५ | नविन बहादुर राना | सु.प्र.अ. | ५६१६२६/- | ४७००००(दम्पति) | ९१६२६/- | ९१६२/- |
| **जम्मा** | | | | | | **४०९०३/-** |

४०,९०३

<table>
<tr>
<td>४८</td>
<td></td>
<td></td>
<td>आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु<br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै नै बेरुजु फर्छ्यौट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम निम्नानुसार बेरुजु हालसम्म फर्छ्यौट नभएकोले नियमावलीको व्यवस्था बमोजिम बेरुजु फर्छ्यौट गर्नु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>४८.१</td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td rowspan="2">क.सं.</td><td rowspan="2">बेरुजु व्यहोरा</td><td colspan="2">बेरुजु रकम</td></tr>
<tr><td>नियमित गर्नुपर्ने रकम</td><td>असुल उपर गर्नुपर्ने रकम</td></tr>
<tr><td colspan="4">गाउँपालिका चालुतर्फ</td></tr>
<tr><td>१</td><td>आन्तरिक नियन्त्रण प्रणाली:स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणालि तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्<br>·कार्यालयको स्रेता र बैंकबीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन,<br>·विषयगत क्षेत्रमा सञ्चालन हुने बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको देखिन्छ,<br>·कुनै पनि रकम भुक्तानी दिदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाईहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणीत गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>·ठेक्काहरुको विस्तुत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>·सञ्चालित योजनाहरुको सुचना पाटीमा आय व्यय, वास्तविक लाभका साथै उपभोक्ताको योगदान लगायतका विषयमा स्पष्ट्र हुने गरि सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण अधिकाँस पालना भएको पाईएन,<br>• वडा कार्यालयमा रहेका समान सहितको अभिलेख देखिने गरि पालिकाको मुल जिन्सी खातामा अद्यावधिक गरेको पाइएन ।</td><td></td><td></td></tr>
</table>
</td>
<td>१९३,८९१</td>
</tr>
</table>

<table>
<tr><td>२</td><td>भ्रमण खर्च: सुदुरपश्चिम प्रदेश अन्तरगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण नियमावली २०६४ बमोजिम कार्यालय काममा पदाधिकारी तथा कर्मचारी भ्रमण खर्च र अनुगमन खर्च पाउने व्यावस्था छ। यस कार्यालयमा देहायबमोजिमको व्यहोरा देखिन्छ<br>· नियमानुसार भ्रमण अभिलेख किताब खाता नराखिएकाले कर्मचारी तथा पदाधिकारीको एकिकृत भ्रमण विवरण प्राप्त हुन सकिएन।<br>· अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालय कामकै लागि हो भन्ने विश्वसनीय आधार नभएको ।<br>· कतिपय भ्रमणहरु कार्यालयसंग असम्बन्धीत भएतापनि भुक्तानी गर्ने गरिएको ।</td><td></td><td></td></tr>
<tr><td>३</td><td>कर्मचारी प्रोत्साहन भत्ता: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन, व्यवस्थापन, सेवाका सर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ को २ बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। यस वर्ष स्थानीय तहले कानुन नबनाई निम्न अनुसारको प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढन् गएको रकम रु
<table>
<tr><td>कर्मचारी</td><td>अवधि</td><td>मासिक</td><td>प्रोत्साहन रकम</td></tr>
<tr><td>इन्जिनियर</td><td>पुरै वर्ष</td><td>२००००।</td><td>२४००००।</td></tr>
<tr><td>सबइन्जिनियर २ जना</td><td>पुरै वर्ष</td><td>१५०००।</td><td>३६००००।</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>४</td><td>स्वकीय सचिव र सल्लाहकार: सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव तथा सल्लाहाकार राख्न पाउने व्यवस्था छैन। तर प्रमुखको स्वकीय सचिवको रुपमा खरिदार स्तर तलब भत्ता भुक्तानी हुने गरि श्री दीपक बहादुर बोहरा नियुक्ती मासिक रु २६६१०। का दरले रु २६६१००।र उपाध्यक्षका स्वकीय सचिव श्री सन्तोष कुमार रानालाई मासिक रु १८०००। का दरले रु १८००००। गरी जम्मा भुक्तानी भएको रकम रु ४४६१००।</td><td></td><td></td></tr>
<tr><td>५</td><td>राजस्व अभिलेख: कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरि सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। गाँउपालिकाबाट रसिद ठेलीहरु छपाई गरि वडा कार्यालय पठाउने गरिएकोमा सो को पुर्ण अभिलेख गाँउपालिकामा देखिदैन। अघिल्लो वर्षको बाँकी के कति छ यकिन गर्न</td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>सकिएन। कार्यालयबाट सबै वडाहरु स्वाचालित प्रणाली जडान गरि राजस्व संकलनमा ध्यान दिनुपर्ने। अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण खाता तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ।</td><td></td><td></td></tr>
<tr><td>६</td><td>सार्वजनिक खरिद व्यवस्थापन<br>·सार्वजनिक खरिद नियमावली २०६४ को नियम १६ बमोजिम खरिद इकाइ गठन गरी खरिद प्रकृया व्यवस्थित गरेको देखिदैन।<br>·कार्यालयले नियमानुसार निर्माण कार्य र सवारी साधन खरिद गर्दा खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिदैन।<br>·सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८ अनुसार सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकाले वार्षिक खरिद योजना विना नै २१९६२६०। मठैराज पुस्तक पसल र दीपशिखा स्टेशनरीबाट खरिद गरेकाले यस्तो प्रणालीमा तत्काल सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td><td></td></tr>
<tr><td>७</td><td>भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी बेगर भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ दफा २५ र नियमावली २०७७ नियम ३९ मा चालु वर्षको बजेटले नखाम्ने भएमा र आगामी वर्षमा भुक्तानी दिनुपर्ने भएमा तोकिएको ढाचामा भुक्तानी दिन बाँकीको विवरण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखा परीक्षण शाखाबाट प्रमाणित गराउनु पर्ने। जसका लागि म ले प फा नं २२१ को व्यवस्था गरेको छ। यस पालिकाले यस कानुन वेगर देहाय बमोजिम भुक्तानी गरिएको छ ।
<table>
<tr><th>गो.भौ.</th><th>कारोबारको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>८</td><td>दौखोला बृहत खानेपानी</td><td>२८००००।</td></tr>
<tr><td>१२</td><td>खाली खानेपानी</td><td>२८३०००।</td></tr>
<tr><td>२८० गापा चालु</td><td>विपद व्यवस्थापन शिर्षकबाट उत्सव किराना पसलाई विभिन्न क्वारेन्टाईनका समानहरु जस्तै दाल चामल, पानी</td><td>२८९५००।</td></tr>
<tr><td>चालु २८१</td><td>विपद कोष शिर्षकबाट नरेन्द्र धामीलाई भुक्तानी</td><td>९००००।</td></tr>
</table></td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | ६२ गा पा चालु | रुद्रेश्वर स्वास्थ्य चौकीका लागि गत आ व ग्लोबल मेडी ईकोइमेन्टबाट स्वास्थ्य सामग्री खरिद रु ४९००००। र सोही स्वास्थ्य चौकीका लागि गत आ व मा नै गो भौ ६३ द ग्लोबल सर्जिकल हाउसबाट रु ४८२५००।गरेकाले सरासर टुक्रएर खरिद गरेको देखिन्छ भने कोटेसन समेत नरहेको अनियमित रकम | ९७२५००। | | |
| | १५ गा पा पुजिगत | स्थानीय आपतकाल सेवा केन्द्रका लागि आरम्भ ट्रेर्डसबाट ट्युबलर ब्याट्री कार्टेज थर्मस खरिद गरे वाफत भुक्तानी गरिएको रकम रु | ३१५०००। | | |
| | | दुर्गेश्वरी आ वि रमला फिल्ड निमार्णलाई | ८९६००। | | |
| ८ | | **बजेट उपर्शिषक तथा फरक र्शिषक पारी खर्च लेखेको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वन ऐन २०७६ दफा २५ मा कारोबार राख्ने प्रयोजनका लागि महालेखा नियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गीकरण तर्जुमा गरि महालेखा परीक्षक कार्यालयबाट स्विकृत गराई लागु गर्न सक्ने व्यवस्था नियमावली २०७७ को नियम ३८ अनुसार बजेटमा तोकिएको र्शिषकमा खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ ।यस पालिकाले बजेट उपर्शिषक र खर्च र्शिषक वेगर खर्च लेखिएको देखिन्छ तसर्थ यस्तो प्रणाली तत्काल सुधार गर्नुपर्ने देखिन्छ। | | | |
| ९ | | **हेभी ईक्विमेन्टको प्रयोग:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को नियमको उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चलित हुने निर्माण कार्यमा डोजर,एक्साभेटर,रोलर,ग्रेडर जस्ता हेभी मेसिन प्रयोग नगर्न मिल्ने व्यवस्था छ सोको प्रतिवध्यात्मक वाक्याँसमा लागत अनुमान तयार गर्दा यदि जटिल प्रकृतिको छ भने सम्बन्धीत प्राविधिकको सिफारिसमा सहमति लिएर मात्र मेसिन प्रयोग गर्न सकिने व्यवस्था छ। गाँउपालिका अन्तर्गत अधिकाँस सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धीत योजनाका उपभेक्ता समितिहरुले डोजर,एक्साभेटर लगायतका हेभी मेसिन सम्बन्धित प्राविधिकको सिफारिस विना नै प्रयोग गर्ने गरिएको पाईएकाले यस्तो प्रणालीमा सुधार गर्नुपर्ने | | | |
| १० | | गो. भौ. ३६२,गाडी धनि हरिश नाथलाई कार्यालय कामको प्रयोजनको लागि गाडी भाडा वापत भुक्तानी रु. ३,२२,००० भुक्तानी गरे वापत बहाल कर रु. ३२,२०० कट्टि गर्नुपर्नेमा रु. २२,००० मात्र गरेकाले रु. १०,००० बहाल कर भुक्तानी गरेको बैक भौचर पेश गर्नुपर्ने अन्यथा असुल उपर रकम रु. | | | १०००० । |

| | | | |
|---|---|---|---|
| **शसर्त चालुतर्फ** | | | |
| १ | गो. भौ. २५३, भैसीको साना व्यवसायीक कृषि कार्यक्रम निरन्तर शिर्षकबाट शकर सिह साउदलाई दै. भ. भ. वापत रु. ५५,००० भुक्तानी गरिएकोमा बील भर्पाई भने रु. ४४,४२० मात्र रहेकाले बढी रकम असुल उपर रकम रु. | | १०५८० । |
| २ | महिला बालबालिका अपांङगता भएका व्याक्ति तथा ज्येष्ठ नागरिक र यौनिक तथा अल्पसंख्यीक तथ्यांक संकलन वापत रु. ४६,००० र फरक शिर्षक ग्रामीण जलस्रोत विकास गा पा स्तरीय अनुगमन शिर्षकबाट रु. ४०,००० भुक्तानी गरेकोमा कार्यालय प्रमुखको तोक आदेश विना नै आवश्यक बील भर्पाई समावेश नगरिकन नविन बहादुर रानालाई भुक्तानी गरिएकाले खर्चको स्पष्ट्र आधार पुष्टी गर्नुपर्ने अन्यथा असुल उपर रकम रु. | | ८६००० । |
| ३ | गो. भौ. २९५, मकै पर्वद्धन कार्यक्रमका रु. ४,९८,००० को मध्ये लागि धनगढीबाट विभिन्न सामग्री ढुवानी गरे वापत शंकर कपाडीलाई रु. ६६,०००। भुक्तानी गरिएकोमा बहाल कर कट्टी गरिएको भौचर पेश गर्नुपर्ने अन्यथा असुल उपर रकम रु. | | ६६००। |
| ४ | गो. भौ. २९६, दोगडा भुमिराज कृषक समुहका लागि गाडी साहु शंकर दत्त कपाडीले विभिन्न सामग्रीहरु सु. प. प्र. ०१ क २११५ गाडी मार्फत ढुवानी वापत रु. ७५,०००। भुक्तानी गरिएकोमा बहाल कर कट्टी गरिएको भौचर पेश गर्नुपर्ने अन्यथा असुल उपर रकम रु. | | ७५००। |
| ५ | **कर दाखिला भौचर पेश गर्नुपर्ने:** भौ. नं. ३०७।०७९।०३।२२, ज. अ. पुर्ण बहादुर चन्दले वास व्यवस्थापन ईकाइ मार्फत कार्यान्वयन हुने विभिन्न कार्यक्रम सञ्चालन गरे वापत रु. ४,४१,६००।<br>भुक्तानी गरिएकोमा कट्टी नगरिएको<br>अग्रीम आय कर रु. ९०४।<br>पारिश्रमिक कर रु. २०४०।<br>बहाल कर रु. २५०।<br>रकम कट्टी गरिएको बैंक भौचर पेश गर्नुपर्ने अन्यथा असुल उपर रकम रु. | | ३१९४। |
| ६ | भौ. नं. ३०८।०७९।०३।२२, ज. अ. पुर्ण बहादुर चन्दले ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत जिविकोपार्जन आयआर्जन कार्यक्रम तथा सहकारी सम्बन्धी तालिम गोष्ठी पेश्की फर्छ्यौट गर्दा अग्रिम आय कर कट्टी नगरिएको रकम रु. | | २२५०। |

| | | | |
|---|---|---|---|
| ७ | भौ. नं. ३१०।०७९।०३।२२, विद्यलय शैक्षिक गुणस्तर सुधार कार्यक्रम अनुदान वाफत आर्दश आ. वि. लाई रु. ६,५०,०००। भुक्तानी गरिएकोमा बहाल कर कट्टी गरिएको बैंक भौचर पेश गर्नुपर्ने अन्यथा असुल उपर हुनुपर्ने रु. | | १५००। |
| ८ | भौ. नं. ३२१।०७९।०३।२४, कफलासैनी मा वि पुजरीगाँउलाई आई सि टी कार्यक्रम वापत रु. ६४००००। भुक्तानी गरिएकोमा<br>· अग्रीम आय कर कट्टी नगरिएको रकम रु. ७८७१। र बहाल कर रु. १०००।कट्टी नगरेकाले कर कट्टी गरिएको बैंक भौचर पेश गर्नुपर्ने अन्यथा असुल उपर रकम रु. | | ८८७१। |
| ९ | भौ. नं. ३७७।०७९।०३।२५, मेलमिलाप सुदृढीकरण कार्यक्रम अन्तर्गत कम्प्युटर कुर्सी कोटेसन विना नै खरिद गरिएको साथै समान ढुवानी गर्दाको वाहल कर कट्टी नगरिएको रकम रु. | | १७००। |
| १० | **सुचना तथा संचारः** आय कर ऐन २०५८ बमोजिम रु २००००। भन्दा बढी रकममा पेन बीलको प्रयोग गरेमा नियमानुसार १५ प्रतिशत कर लाग्ने व्यस्था छ निम्न बीलहरुमा कर कट्टी नगर्नुका साथै पत्र पत्रिकाहरुले नियमानुसार दिनुपर्ने छुट समेत नदिएको देखिन्छ।<br>• गा. पा. चालु चौलानी मिडिया प्रोडक्सन हाउसलाई विभिन्न सुचना प्रसारण गरे वापत २५ वटा पेन बीलको आधारमा मात्र रकम रु. ४१,३०,०००। | | |
| **शसर्त पूँजीगत** | | | |
| १ | भौ.नं. ९४।०७९।०३। दुर्गा मा.वि.सिमारलाई ल्याब स्थापना तथा सुदृढीकरणका लागि अनुदान रकम रु. ६४००००। भुक्तानी दिएकोमा अग्रीम आय कर कट्टी नगरिएको रकम रु. ८६१३।साथै बीलहरु छाँयाप्रति रहेको | | ८६१३। |
| २ | भौ.नं. ८५।०७९।०३।२४, निङ्लासैनी आ.वि.लाई ICT Lab वापत हेमन्त रानालाई सु प प्र ००५३७८ गाडीबाट समान ढुवानी वापत रु. १५०००। भुक्तानी गरेकोमा बहाल कर कट्टी नगरिएको असूल हुनुपर्ने रु. | | १५००। |
| **प्रदेश सरकार पूँजीगत** | | | |
| १ | भौ. नं. १८।०७९।०३।२५, भवानी मा वि बलालि खा पा घेर पर्खाल निमार्ण पे फ सहित रु. १७००००० भुक्तानी गरिएकोमा सासु कर कट्टी नगरिएको रकम रु. | | ८११६। |

| | | | |
|---|---|---|---|
| **ग्रामीण जलस्रोत प्रयोजना चालु** | | | |
| १ | गो.भौ. ४, जलस्रोत अधिकृत पुर्ण बहादुर चन्दलाई साउन भद्र असोज तलब भुक्तानी गर्दा पारिश्रमीक कर कट्टी नगरीएकोले कर दाखिला गरेको बैंक भौचर पेश गर्नु पर्ने अन्यथा असुल उपर रकम रु | | २२०५। |
| **ग्रामीण जलस्रोत प्रयोजना पूँजीगत** | | | |
| १ | भौ.नं. ६०, सौकेतेली पहिरो नियन्त्रणका लागि गाडीधनि जनक भट्ट सु. प. प्र. ०१ क १९५३ गाडीबाट सिमेन्ट ढुवानी गरिएकोमा बहाल कर कट्टी नगरि रु. २५००० भुक्तानी गरिएकोमा बहाल कर असुल उपर रकम रु. | २५०० । | |
| २ | भौ.नं. ६१, घागरा नानरा जिल्ले वगर पोलिहाउ निर्माणका लागि रु. ८,८६,६७५ भुक्तानी गरिएकोमा अग्रीम आय कर रु. १५,४४५ र बहाल कर रु. २४००। भुक्तानी गरेको बैंक रसिद पेश गर्नुपर्ने अन्यथा असुल उपर रकम रु. | | १७८४५ । |
| ३ | भौ.नं. ३१।०७८।१२।२८, घाराड नानारा जिल्लेबगड पोलि हाउस नि स लाई भुक्तानी गर्दा फाईनल बील अनुसार कट्टी गर्नुपर्ने घर वहाल कर कट्टी नगरिएको रकम रु १०७० र सासु कर रु ५९ समेत जम्मा असूल गर्नुपर्ने रु. | | ११२९। |
| **गाँउपालिका पूँजीगततर्फ** | | | |
| १ | **बढी भुक्तानीः** भौ.नं. १०२, भौनेली मन्दिर तटबन्ध आयोजना फाईनल बील अनुसार रु. २,७५,२४७। कर कट्टी गरि हुनुपर्नेमा कर कट्टी गरि रु. २,८०,६००। गरिएकोमा बढी भुक्तानी गरिएको रकम रु. | | ५३५३। |
| २ | **अग्रमी आय कर दाखिला गर्नु पर्नेः** भौ.नं.१२२, माया प्रकाश बहुउद्देश्य नर्सरीबाट रु. १३००० सुनकागतीका स्क्रीन हाउस खरिद गरेकोमा उक्त कागतीको हस्तान्तरण नरहेको साथै अग्रीम आय कर कट्टी नगरिएको रकम रु. | | ६४३५। |
| ३ | **बहाल कर दाखिला गर्नुपर्नेः** गो.भौ. १२३, वृक्षारोपण कार्यक्रमका लागि विरुवा ओसारपोसार गरे वापत रामचन्द्र घरेडीलाई म. १ त. ९९५५ गाडी वहाल कर कट्टी नगरिएको रकम रु. २००० सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | | २०००। |
| **जम्मा असूली रु.** | | | १९३८९ १ |

<table>
<tr>
<td>४८.२</td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td rowspan="2">क्र. सं.</td><td rowspan="2">बेरुजु व्यहोरा</td><td colspan="2">बेरुजु रकम</td></tr>
<tr><td>नियमित गर्नुपर्ने रकम</td><td>असुल उपर गर्नुपर्ने रकम</td></tr>
<tr><td colspan="4">गाउँपालिका चालुतर्फ</td></tr>
<tr><td>१</td><td>सक्कल बील पेश गर्नुपर्ने: गो. भौ. ३७४, अपी एण्ड एजुकेशन प्र लि लाई सुचना प्रणाली जडान गरे वाफत रु. ४९७२० भुक्तानी गरेकोमा निवेदन र बील छाँयाप्रति रहेको साथै सम्झौता विना नै भुक्तानी गरेको रु.</td><td>४९७२०।</td><td></td></tr>
<tr><td colspan="4">शसर्त चालुतर्फ</td></tr>
<tr><td>१</td><td>बढी भुक्तानी: गो. भौ. ३५, मा संलग्न निवेदन तोक आदेश विना नै नवराज भट्टलाई रु २००००० भुक्तानी गरिएकोमा बील भर्पाई भने रु ११९९३५ मात्र रहेकाले आवश्यक बील भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल उपर रकम रु.</td><td>८००६५।</td><td></td></tr>
<tr><td>२</td><td>गो. भौ. १८०, मौरीको साना व्यावसयिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम सञ्चालन वाफत समैजी बहुउद्देश्य कृषि तथा पशुपालन कृषक समुहलाई ४००००० भुक्तानी गरिएकोमा गाडी भाडा वाफत रु ८०००० भुक्तानी गरिएकाले वाहल कर असुल उपर रकम रु</td><td>८०००।</td><td></td></tr>
<tr><td>३</td><td>गो. भौ. १८२, कृषि तर्फका साना व्यावसायीक कृषि उत्पादन केन्द्र पकेट विकास डाडाबाघ कृषक समुहलाई रु ९५००० भुक्तानी गरिएकोमा वहाल कर रु. ३००० दाखिला गरेको बैंक भौचर पेस गर्नुपर्ने अन्यथा असुल उपर रकम रु.</td><td>३०००।</td><td></td></tr>
<tr><td>४</td><td>भौ.नं. ३५२।०७९।०३।२५, डिलासैनी मा. वि. खेतागाँउ ICT कार्यक्रम वापत विभिन्न शैक्षिक सामग्री खरिद गरिएकोमा मादख नभएको, फोटो, कोटेसनमा मिति नभएको साथै कार्य सम्पन्न भए नभएको प्रमाणीत गर्ने कुनै आधार देखिएन रकम रु</td><td>६४००००।</td><td></td></tr>
</table>
</td>
<td>२,८३८,५८५</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | **शर्सत पूँजीगत** | | | |
| | | | १ | **आवश्यक कागजात पेश गर्नुपर्ने:** भौ.नं.७५।०७९।०३।२३ मालिका ईन्जीनियरिङ एण्ड मेकानिकल प्रा लि लाई विभिन्न झो पु का समानहरु ढुवानी गरे वाफत रु १४४५०००। भुक्तानी गरिएकोमा योजना शाखाको टिप्पणी कार्य सम्पन्न प्रतिवेदन लगायत कुनै पनि कागजात विना बीलको आधारमा मात्र भुक्तानी गरीएको रकम रु. | १४४५०००। | |
| | | | २ | **सक्कल बील पेश गर्नुपर्ने:** भौ.नं.७१।०७९।०३।२३ दुर्गा मा वि सिमार ल्याप व्यावस्थापन वाफत रु १८०००००। भुक्तानी गरिएकोमा सुलभ बुक्स एण्ड स्टेशनरी १२०००। र जय श्री केदार का ६ वटा बील छायाप्रति रहेको | | |
| | | | ३ | भौ.नं. ७६।०७९।०३।२४, रुद्रेश्वर डिलासैनी पदमार्ग शिर्षकबाट जागृति भुमिराज केदार जे.भी.लाई रु. ४१६८९००। भुक्तानी गरेकोमा देहाय बमोजिमको व्यहोरा देखिन्छः<br>• मु. अ. कर ३० प्रतिशत रु. १४५८१८। कट्टी नगरिएकाले कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा असुल उपर हुनुपर्ने<br>• कर बीजक छाँयाप्रति रहेकोले सक्कल पेश गर्नुपर्ने<br>• MB र First running bill को आधारमा मात्र भुक्तानी गरिएकाले आवश्यक कागजात सम्झौता, कार्य देश, कार्य सम्पन्न प्रतिवेदन, योजना शाखाको टिप्पणी पेश गर्नुपर्ने | | |
| | | | **प्रदेश सरकार पूँजिगत** | | | |
| | | | १ | **आवश्यक कागजात पेश गर्नुपर्ने:** ०२।०७८।०७।२५ सिटि टप मोबाईल एण्ड कम्प्युटर सेन्टरबाट ल्यापटप डेल 11 th generation ८ GB Ram खरिद गरे वापत रु. १४५०००। भुक्तानी गरेकोमा उक्त समानको दाखा र हस्तानतरण विना नै भुक्तानी गरिएको रकम रु. | १४५०००। | |
| | | | **गाउँपालिका पूँजीगततर्फ** | | | |

| | | | |
|---|---|---|---|
| १ | **सक्कल बील पेश गर्नुपर्ने:** भौ.नं.१०८।०७९।०३।२१, लछन्छौडा लघु जल विद्युत आयोजना उ. स. लाई रु. २६९८४५। भुक्तानी गरिएकोमा छायाँ प्रति रु. १९२१६०। रहेकोले सक्कल बील पेश हुनुपर्ने । | | |
| २ | भौ. नं. ८७।०७९।०३।१३, सरस्वाती मा. वि. नानरा भवन मर्मत उ.स.लाई फिल्ड निमार्ण वापत रु. ४६७८००। भुक्तानी गरिएकोमा सम्बन्धित शाखाको टिप्पणी आदेश कार्य सम्पन्न प्रतिवेदन उ.स. का सदस्यहरुको नागरिकता कार्य गरेको फोटो विना नै भुक्तानी गरिएको रकम रु. | ४६७८००। | |
| ३ | **मर्मत सम्भार तथा रंङ्गरोगन**<br>• भौ.नं. ४७।०७८।११।१०, वडा नं. २ को वडा कार्यालय भवन मर्मत सम्भार तथा रङ्ग रोगन वापत उ.स.लाई रु. १७२००० भुक्तानी गरिएको<br>• भौ.नं. ५०।०७८।११।१२, वडा नं. १ को कार्यालय भवन मर्मत सम्भार तथा रङ्ग रोगन वापत उ.स.लाई रु. १४४५०००। भुक्तानी गरिएको<br>• उल्लेखित भवनहरु गत आ.व.मा नै उ.स.संग सम्झौता भई निमार्ण गरिएकाले तत्काल मर्मत तथा सम्भार गर्नुपर्ने कुनै स्पष्ट्र आधार पुष्टी हुन सकेन । | | |
| **जम्मा नियमित गर्नुपर्ने रु.** | | २८,३८,५८५ | |

४९

**सेवा प्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जन्मदर्ता</td><td>१९८८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२६१</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२८०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२८९</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१२५ किमी</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td>१७०</td><td>२०७८-९-१३</td><td>क्षतिपुर्ति वापत सहयोगः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि गाँउपालिकाले वडा नं १ अन्तरगत निर्माणाधिन अवस्थामा रहेको गन्ना गनैखान रोड कटिङ गर्ने बेला रोडमा परेका घर तथा रोड कटिङ गर्दा पुर्ण क्षति भएका घरका ८ व्यक्तिलाई रु १५०००/- देखि रु २२५०००/- हजारसम्म आर्थिक सहयोग वापत कुल रु ८०००००/- भुक्तानी गरेको पाईयो ।यसरी आर्थिक सहयोगको कार्यविधि बेगर वास्तविक क्षति भएका घरको प्राविधिक अनुगमन तथा मुल्याङ्कन,प्रहरी मुचुल्का,पिडितको निवेदन नभई प्रदान गरेको रकम नियमसंगत नदेखिएको रु.</td><td>८००,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>भर्पाई/प्रमाण पेश नभएको:<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।कार्यालयले देहाय बमोजिम खर्च लेखेको तर सो कार्यक्रम गरे पश्चात भर्पाई वा प्रमाण पेश नभएकोले कार्यक्रमको औचित्य,उदेश्य,उपलब्धि बारे एकिन गर्न सकिएन। सो कार्यक्रम गरेपश्चात भर्पाई वा सो को प्रमाण पेश गर्नुपर्ने</td><td>१,५५८,५००</td></tr>
</table>

| क्र.सं. | भौ.नं./मिति | कार्यक्रम/प्रयोजन | व्यक्ति/पार्टी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५३/२०७८-७-२५ | गाडी भाडा | मनिषा पाल(गाडी धनी) | ४८००००.० | सवारी लगबुक,लाईसेन्स र ब्लु बुक नभएको |
| २ | १५४/२०७८-९-०१ | गाँउ सभा संचालनको लागि ब्याग खरिद | बि.जि.ग्रुप ट्रेड एण्ड सप्लायर्स | २१८५००/- | ४५ थान ब्याग वितरण भर्पाई नभएको |
| ३ | २८३/२०७८-११-२५ | अतिथि व्यवस्थापन वापत | अपि गेष्ट हाउस | ५००००/- | सक्कल बिल नभएको |
| ४ | २९२/२०७८-१२-१ | | नेपाल विद्युत प्राधिकरण | १५८०००/- | बिल नभएको |
| ५ | ३५३/२०७९-०३-२० | बैठक भत्ता वापत | ३८ जना जनप्रतिनिधि | १५२०००/- | बैठक बसेको प्रमाण नभएको(४ बैठक*१०००*३८) |
| ६ | ३७२/२०७९-३-२२ | गाडी भाडा वापत | मदनराज जोशी | २०००००/- | सवारी लगबुक नभएको |
| ७ | ४५/२०७८-७-१६ | मौरी घार वितरण | चैनपुर आधुनिक मौरीपालन केन्द्र | ३०००००/- | ३० जना मध्ये ५ जनाको वितरण भर्पाई नभएको |
| **जम्मा** | | | | **१५५८५००/-** | |

| | | | | |
|---|---|---|---|---|
| ५२ | २६७ | २०७८-११-१५ | **अनुत्पादक खर्चः**<br>२६७/२०७८-११-१५ सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले अबोला पंचाङ्गलाई विज्ञापन वापत अनुत्पादक प्रयोजनमा रु. १५०००.० खर्च गरेको देखिन्छ ।यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ५३ | | | **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिकः** | १९,६९४,५५१ |

<table>
<tr><td></td><td></td><td></td><td>अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तिय समानीकरण अनुदानबाट ५६ वटा विद्यालयका १२५ शिक्षकहरुलाई चाँडपर्व खर्च सहित १३ महिनाको तलब भत्ता बापत रु.१९६९४५५१.० तलब भत्ता भुक्तानी गरेको छ।पालिकाले समानिकरण अनुदानबाट शिक्षकलाई प्रदान गरेको पारिश्रामिक नियमसंगत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>अभिलेख व्यवस्थापन<br>ठे नं DRM/BTD/NCB/GOODS/07-078/79, वित्तिय समानिकरण अनुदानबाट कार्यपालिकाको निर्णयानुसार क्याटलग सपिङ्ग बिधिबाट गाडी खरिद कार्यका लागि रकम रु. ३३,००,०००.०० विनियोजन गरी रकम रु. ३०,३५,०००.०० मा गाडी खरिद गरेको देखियो । उक्त गाडी खरिदको स्पेशिफिकेशन तथा लागत अनुमान तयारीका चरणहरु तथा कागजातहरु लेखापरीक्षणको शिलशिलामा पेश भएनन् । यस्ता प्रकारका खरिद तथा ठेक्का सम्बन्धीका सम्पूर्ण कागजातहरुको अभिलेख व्यवस्थापन चुस्त र दुरुस्त बनाइनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td>८६</td><td>२०७९-३-२४</td><td>कर समायोजन<br>ठे. नं. DRM/BTD/NCB/WORKS/04-078/79, पाडी खानेपानी निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री कैलाश निर्माण सेवालाई प्रथम तथा अन्तिम किस्ता वापतको रकम रु. ३९,००,०००.०० भुक्तानीको कर बिजक संलग्न नरहेकोले सम्बन्धित निर्माण व्यवसायीबाट मुल्य अभिबृद्धि कर रु. ३९००००० को समायोजन पत्र पेश गर्नुपर्ने रु.</td><td>३,९००,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सडक मर्मत र गुरु योजना<br>पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४ (३) मा पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्नेरु.<br>
<table>
<tr><th>सि नं</th><th>पेश्कि लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td colspan="5">म्याद नाघेको पेश्की</td></tr>
</table>
</td><td>६,६४५,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| 1 | ईश्वर बहादुर बोहरा | वडा सदस्य | विपद व्यवस्थापन कोष | २,१०,००० |
| 2 | पार्वती कुमारी भण्डारी | उपाध्यक्ष | भ्रमण खर्च | ५,००,००० |
| 3 | कृष्ण कुमारी धामी | वडा अध्यक्ष | पारिश्रमिक पादाधिकारी | ३,५०,००० |
| 4 | नवराज भट्ट | | गाउँपाललिका अध्यक्षको सवारी साधन मर्मत | १,२०,००० |
| 5 | अनिल बहादुर बोहरा | सहायक पाचौं | उपभोक्ता समितिलाई अभिमुखीकरण | ७८,००० |
| 6 | नवराज भट्ट | हलुका सवारी चालक | इन्धन | १,२९,००० |
| 7 | अमर देव भट्ट | प्राबिधिक सहायक | प्रति वडा कार्यालय मसलन्द तथा कार्यालय सामाग्री, अनुगमन भ्रमण, प्रशासनिक र सूचना संचार | ५०,००० |
| 8 | भरत बहादुर धामी | | मातृ तथा नवशिशु कार्यक्रम | १,१२,००० |
| 9 | कुमोद बहादुर पाल | | किसान सूचीकरण कार्यक्रम | २,६०,००० |
| 10 | पूर्ण बहादुर चन्द | | संस्थागत शौचालय सुधार तथा विद्यालय WASHपुँजीगत सुधार तीनधारा मापदण्ड प्रवर्द्धन समेत | १०,००० |
| 11 | पूर्ण बहादुर चन्द | | संस्थागत शौचालय सुधार तथा विद्यालय WASHपुँजीगत सुधार तीनधारा मापदण्ड प्रवर्द्धन समेत | १०,००० |
| 12 | जागृत भुमिराज केदार जे.भी | | पर्यटन विकास कार्यक्रम | ४६,००० |
| 13 | घट्टेखोला झोपु उपभोक्ता समिति | | घट्टेगाड अग्रता, जिल्ले बगड झोपु डिलाशैनी | ५,००,००० |
| 14 | मिडिया विकास समाज नेपाल | | सूचना तथा संचार | ५०,००० |
| 15 | श्री तेस्रो पुस्ता नेपाल | | सूचना तथा संचार | ४,००,००० |
| 16 | जागृत भुमिराज केदार जे.भी. | | पर्यटन विकास कार्यक्र | ४,००,००० |

| | | | | |
|---|---|---|---|---|
| 17 | लटिनाथ बहुउद्देश्य पशुपन्छी कृषक समूह | | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | १,००,००० |
| 18 | ग्रिनलाईट मिडिया सेन्टर | | गाउँपालिकामा संचालन भएका क्रियाकलापहरुबाट उत्पन्न प्रभाव झल्काउने डकुमेन्ट्री | ४,००० |
| 19 | ग्रिनलाईट मिडिया सेन्टर | | गाउँपालिकामा संचालन भएका क्रियाकलापहरुबाट उत्पन्न प्रभाव झल्काउने डकुमेन्ट्री | ४६,००० |
| 20 | ठन्डापानी खापा आयोजना | | ठन्डापानी खापा आयोजना वडा नं ३ | ७,००,००० |
| 21 | अग्रेता झोपु | | घट्टेगाड अग्रता, जिल्ले बगड झोपु डिलाशैनी १, मेलिया र डुन्ग्रीगाड घट्टेखोला अन्सुदी झोपु | ६,००,००० |
| 22 | लोकेश कुमार चन्द | | WASH इकाइ मार्फत सहयोग संस्था/व्यक्ती परिचालन | १,००,००० |
| 23 | लोकेश भण्डारी | | विविध खर्च | १,५०,००० |
| 24 | महेश बहादुर बोहरा | | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्ररणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | १,४०,००० |
| 25 | निर्मला जोशी | | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्ररणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | १,७०,००० |
| 26 | बिरेन्द्र बहादुर बोहरा | | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्ररणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | १,५०,००० |
| 27 | नरेश बहादुर बोहरा | | स्थानीय तहका स्वास्थ चौकी प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च | १,००,००० |

| | | | | |
|---|---|---|---|---|
| 28 | राजेन्द्र बहादुर बोहरा | | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ८,३०,००० |
| 29 | सुभाष कलौनी | | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | २,३०,००० |
| 30 | लोकेश कुमार चन्द | | WASHव्यवस्थापन इकाई मार्फत कार्यान्वयन हुने निर्माणपश्चात चरणका क्षमता विकासका क्रियाकलापहरु | १,००,००० |
| जम्मा | | | | ६६,४५,००० |

**पुरानो पेश्कीः** पालिकाले गत विगत देखिको म्याद नाघेको र ननाघेको पेश्कीको लगत अद्यावधिक राखी पेश्की फर्छ्यौट गरी सम्परीक्षणको लागि पेश गर्नु पर्दछ । पालिकाले सो बमोजिम पेश्कीको विवरण अद्यावधिक तथा फर्छ्यौट गरी सम्परीक्षणका लागि पेश गरेको छैन् । यसतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५८ **बैठक भत्ता** ३८३,०००

नेपाल सरकार अर्थमन्त्रालयबाट जारी गरीएको कार्य सञ्चालन निर्देशिका तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावलीमा रहेको व्यवस्था अनुसार कार्यालयका कर्मचारीहरुले कार्यालय समयमा बैठक बसी भत्ता लिन नपाइने स्पष्ट व्यवस्था छ । पालिकामा विभिन्न बोलपत्रहरुको टेण्डर खोल्दा बसेको बैठकको भत्ता भनी अनिल बहादुर बोहोरालाई निम्नानुसारको बैठक भत्ता वापतको रकम भुक्तानी गरेको पाइयो ।

| भौं. नं. | व. उ. शि.नं. | ब. ख. | आयकर कट्टी | भुक्तानी गरीएको रकम |
|---|---|---|---|---|
| ९५।२०७९।०३।२५ | संघीय सरकारबाट हस्तान्तरित | १,८८,०००.०० | २८,२००.०० | १,७८,०००.०० |
| ९६।२०७९।०३।२५ | संघीय सरकारबाट हस्तान्तरित | ७०,०००.०० | ५,०००.०० | ६५,०००.०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१।२०७९।०३।२५</td><td>प्रदेश हस्तान्तरित कार्यक्रम पुँजीगत</td><td>१,००,०००.००</td><td>७,०००.००</td><td>९३,०००.००</td></tr>
<tr><td>१३६।२०७९।०३।२५</td><td>गापा चालु</td><td>५०,०००.००</td><td>३,०००.००</td><td>४७,०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४,०८,०००.००</td><td>४३,२००.००</td><td>३,८३,०००.००</td></tr>
</table>
बैठकमा सहभागीहरुलाई खानाखाजा खर्च भनी पेश गरेको होटल बीलमा समेत मिति, कार्यालयको नाम तथा उद्देश्य समेत खुल्दैन । यस प्रकारको प्रवृत्तिलाई अन्त्य गर्नु पर्दछ । कार्यालय समयमा खोलीएका टेण्डरको बैठकको भत्ता भनी शोधभर्ना भुक्तानी गरीएको रकम सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रकम रु.</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कृषि, पशु, खानेपानी तथा शिक्षा अनुदान<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>परामर्श खर्च तथा अन्य</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>प्रस्ताव मुल्याङकन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङकन गर्दा मुल्यांकन समितिका प्रत्येक सदस्यले छुटटाछुटै मुल्याङकन गरी प्रस्तावदाताले पाप्त गरेको अकं एकिन गर्नु पर्नेछ र त्यसरी पाप्त गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक पाप्त गर्ने प्रस्तावदाताको सुची तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले सो नगरी सयुक्त रुपमा १ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समावेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्याकंन गरी निर्धारण गरेको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको प्रस्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>६०.२</td><td></td><td></td><td>डीपीआर खर्च — सार्वजनिक खरिद नियमाली २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने र बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले यो बर्ष सो ब्यवस्थाको पालना</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको देखिन्छ । यसरी नियमको पालना नगरी र बजेटको सुनिश्चता नभई डिपिआरमा खर्च गरेको रकम नियम संगत देखिएन ।

<table>
<tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत रकम</td><td>खर्च रकम</td><td>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</td></tr>
<tr><td>वातावरणीय प्रभाव मुल्याङकन</td><td>अर्वान ईन्फास्टकचर प्रा.लि.</td><td>१४९१६००</td><td>१४९१६००</td><td></td></tr>
</table>

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>६०.३</td><td></td><td></td><td>पुजिगत शिर्षकबाट शिक्षक तलबअनुदानः बिद्यालय ब्यवस्थापन लगाएतका सम्पुर्ण क्रियाकलापहरु शैक्षिक गुणस्तर सुधार गर्न नेपाल सरकारले सर्शत अनुदानबाट बिद्यार्थी संख्याको आधारमा रकम निकासा दिने ब्यवस्था गरी सर्शत शिर्षकबाट खर्च लेखेको अवस्थामा यस गाउपालिकाका कार्यालयले गाउपालिका पुजिगत शिर्षकबाट शिक्षक अनुदान भनी रु ७५,८१,०००।०० निकासा अनुदान दिएकोमा बिद्यालयले उक्त रकम के कुन कार्यमा खर्च गरे ,बिद्यालयको शैक्षिक क्षेत्रमा के कस्तो असर परेको छ । सो बोरे अनुगमन समेत गरेको देखिएन । साथै बिद्यालयलाई गाउपालिकाले रकम बिनियोजन गर्दा निश्चित योजना तोकी बिनियोजन गर्नु पर्नेमा सो गरेको देखिएन । अत गाउपालिकाले अनुदान रकम बिनियोजन गर्दा योजनाको माग गरी बिवरण लिई सोही अनुसार बिनियोजन गरी निकासा दिनु पर्नेमा सो गरेको देखिएन । अत यसरी योजना नतोकी पुजिगत शिर्षकबाट शैक्षिक अनुदान भनी शिक्षक कर्मचारी र सहयोगीको लागी तलब निकासा दिएको रकम नियमसंगत नदेखिएको रु.

<table>
<tr><td>सि न</td><td>बिधालयको नाम</td><td>गो. भौ.न र मिति</td><td>रकम</td></tr>
<tr><td>१</td><td>बिधालय तथा बालबिकास सहयोगी तलब भत्ता १०७ जना</td><td>३८।२०७८।११।३</td><td>६७४१०००।००</td></tr>
<tr><td>२</td><td>बिधालय तथा बालबिकास सहयोगी तलब भत्ता २१ बिधालय</td><td>१०४।२०७९।३।२१</td><td>८४००००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७५,८१,०००।००</td></tr>
</table></td><td>७,५८१,०००</td></tr>
</table>

६०.४ **खर्च पुष्टयाई गर्ने आधार नभएको:**आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयदारा भुक्तानी दिदा निम्न निमार्ण तथा खरिद कार्यको खर्चलाई पुष्टयाई गर्ने वास्तबिक कागजात राखेको आधारबेगर भुक्तानी दिएको देखिन्छ। अत खर्च पुष्याई गर्ने कागजात बेगर भुक्तानी दिएको रकमको प्रमाण पेश गर्नु पर्ने रू ४,५९६,३२५

| गो.भौन. | योजना वा कार्यको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ४।२०७८।७।१४ | समान खरिद | मालिकार्जुन एण्ड प्रेश | ९२००० | समान दाखिला नभएको |
| ७९।२०७९।१।७ | समान खरिद | सृजना फनिचर्स उधोग<br>एल टी एण्ड सप्लार्स | ११९३२८<br>३३३९९७ | समान दाखिला नभएको |
| ९४।२०७९।३।१४ | अजपती मन्दिर निर्माण | अजपती मन्दिर निर्माण उ.स. | ९५३००० | नापी किताव र कार्य सम्पन्न नभएको |
| १०५।२०७९।३।२१ | बिधुत समान खरिद | बिधुत समान खरिद उ.स. | ४५०००० | लागत अनुमान कार्यसम्पन्न प्रतिबेदन नभएको |
| ११२।२०७९।३।२२ | समान खरिद | प्लाष्टिक सिलबवलिन | ७२५०० | बितरण भरपाई नभएको |
| १३७।२०७९।३।२५ | स्वास्थ्य चौकी मर्मत | समैजि निर्माण सेवा | २००००० | लागत अनुमान कार्यसम्पन्न प्रतिबेदन नभएको |
| ४।२०७८।७।१६ | समान खरिद | मठैराज पुस्तक पसल | ३१२००० | दाखिला नभएको |
| २१।२०७८ऽ११।१५ | समान खरिद | | १०५००० | समान खरिद दाखिला नभएको |
| ३०।२०७८।११।२९ | खकलिगाड जलबिधुत सोलर समान खरिद | माता कालिन्चोक निर्माण सेवा | ९२८००० | सक्कल बिल नभएको |
| २।२०७८।७।१५ | समान खरिद | सिटी टप मोवाईल | १४५००० | दाखिला नभएको |

| | | | | |
|---|---|---|---|---|
| २०।२०७९।३।१५ | सडक निर्माण | मठैराज निर्माण सेवा | ८८५५०० | कर बिजक नभएको |
| | | जम्मा | ४५,९६,३२५ | |

६०.५ **कन्टेजेन्सी खर्चको अभिलेख**:सार्वजनिक खरिद नियमावली २०६४को अनुसुची १मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाव खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत कन्टेजेन्सी समापेश गर्ने र कन्टेजेन्सी खर्च गर्ने कार्यबिधि स्वीकृत गराउनु पर्ने व्यवस्था छ । यस कार्यालयले कार्यक्रम कार्यान्वयन गर्ने क्रममा प्रत्यक कार्यक्रकमको भुक्तानीबाट ४ प्रतिशतका दरले कन्टेजेन्सी रकम कट्टी गर्ने गरेको छ ।कार्यालयले कन्टेजेन्सी खर्च गर्दा अभिलेख नराखी कार्यबिधी बेगर खर्च गरेको देखिन्छ । यसरी अभिलेख र कार्यबिधि बेगर खर्च लेखेको रकम वास्तबिक कार्यमा खर्च भएको हो भनी एकिन गर्न सकिने अवस्था देखिएन । अत कार्यालयले कन्टेजेन्सी रकमको अभिलेख राखी खर्च गर्नु पर्दछ ।

६२ अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष लेखापरीक्षणको क्रममा सम्परीक्षण भएको व्यहोराः

यस वर्ष पालिकाले रु. २,६५,४३०।०० फछ्यौंट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा निम्नानुसार रु. २,६५,४३०।०० सम्परीक्षण गरिएको छ ।

| सिन | आ.व. | दफा | व्यहोरा | फछ्यौंटको आधार | रकम |
|---|---|---|---|---|---|
| १ | २०७७।७८ | ६८ | श्री धनसिहं माललेको नाममा सामाजिक सुरक्षाको कायम पेश्की रू २५६४००।०० | गाउपालिका कार्यालयले श्री धनसिहं माललेको नाममा कायम पेश्की भौचर न.२३।२०७८।३।३१बाट दाखिला गरेको प्रमाणका आधारमा स.प. गरिएको रू | २५६४००।०० |
| २ | २०७७।७८ | ५८।७ | कर कट्टी नभएको रू २२५० | गाउपालिका कार्यालयले मिति २०७९।३।२९ गते कर दाखिला गरेको भौचर पेश गरेको आधारमा सम्परीक्षण गरिएको रू | २२५०।०० |
| ३ | २०७।७८ | ६८ | शंकरबहादुर साउदको कर कट्टी नभएको रू ६७८० | गाउपालिका कार्यालयले मिति २०७९।५।९ गते कर दाखिला गरेको भौचर पेश गरेको आधारमा सम्परीक्षण गरिएको रू | ६७८०।०० |
| | | | जम्मा | | २,६५,४३०।०० |